जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ • अंक ३२९ • २०८३ साल बैशाख १५ गते मंगलबार (28 April, Tuesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## एक सय रुपैयाँको भन्सार शुल्कविरुद्ध रिट दर्ता



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल-भारत सीमानाकाबाट घरायसी प्रयोजनका लागि एक सय रुपैयाँभन्दा बढी मूल्य बराबरको सामान ल्याउँदा भन्सार शुल्क लाग्ने सरकारी निर्णय विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ ।

नेपाल-चीन सीमानाका र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट आउने यात्रीहरूका लागि भन्सार छुटको सीमा बढी भए पनि भारतसंगको खुल्ला सीमानाकामा १०० रुपैयाँको मात्र सीमा तोकिनुले मधेश र तराई क्षेत्रका नागरिकमाथि भौगोलिक र वर्गीय विभेद भएको दायर गरिएको रिटमा उल्लेख गरिएको छ ।

उक्त निर्णयले सीमावर्ती क्षेत्रका सर्वसाधारणले दैनिक उपभोग्य वस्तु (तरकारी, औषधि, कपडा) ल्याउँदा समेत भन्सार कर्मचारी र सुरक्षाकर्मीबाट हैरानी खेप्नुपरेको रिटमा उल्लेख छ ।

निवेदकहरूले अर्थ मन्त्रालयले २०८० जेठ १५ र २०८२ जेठ १५ मा प्रकाशित गरेको उक्त भन्सार सम्बन्धी सूचना खारेज गर्न 'उत्प्रेषण'को आदेश माग गरेका छन् ।

मुद्दाको अन्तिम किनारा नलागेसम्म सीमा क्षेत्रका नागरिकलाई दैनिक उपभोग्य वस्तु र विवाह वा सामाजिक संस्कारका लागि ल्याइने सामानमा अवरोध नगर्न र भन्सार नलिन 'अन्तरिम आदेश' समेत जारी गर्न माग गरेको छ ।

सन् १९६० को नेपाल-भारत व्यापार सन्धिका प्रावधानहरू अनुसार दुई देशबीच वस्तुको सहज प्रवाह हुनुपर्नेमा यो निर्णयले उक्त सन्धिलाई समेत चुनौती दिएको छ ।

रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय र भन्सार विभागलाई विपक्षी बनाइएको छ ।

### भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणसहित १६ वटा मुद्दा

# जेन- जी आन्दोलनमा नष्ट भएको मिसिल झिकाउन सर्वोच्च अदालतको आदेश

**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्वमन्त्री सञ्जयकुमार साह 'टकला' विरुद्धको भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण मुद्दामा सर्वोच्च अदालतले मिसिल झिकाउने आदेश दिएको छ ।

न्यायाधीश बालकृष्ण ढकाल र श्रीकान्त पौडेलको संयुक्त इजलासले संजय कुमार साहसहित विभिन्न व्यक्तिविरुद्ध दर्ता भएका १६ वटा मुद्दामा मिसिल झिकाउने आदेश दिएको छ ।

अदालतमा सोमबार इजलासमा पेश गरिएका ती मुद्दामध्ये केहीमा गम्भीर लापरवाही देखिएको छ । विशेषगरी दुई वटा मुख्य मुद्दासंग सम्बन्धित कागजात (मिसिल) नै नष्ट भएको वा फेला नपरेको भन्दै सर्वोच्च अदालतले सम्बन्धित निकायलाई तत्काल ती मिसिल खोजी गरी पेश गर्न आदेश दिएको छ ।

यी मुद्दामध्ये एउटा महत्वपूर्ण मुद्दामा संजय कुमार साह टकलाकी श्रीमती रंगिला देवी साहसहित ११ जना प्रतिवादी रहेका छन् । उनीहरूविरुद्ध संयुक्त रूपमा मात्र नभइ छुट्टाछुट्टै रूपमा पनि सम्पत्ति शुद्धीकरण तथा श्रोत नखुलेको रकमसम्बन्धी मुद्दा दर्ता गरिएको थियो । तर यस्ता गम्भीर प्रकृतिका मुद्दामा आवश्यक कागजात नै हराउनु वा नष्ट हुनु न्यायिक प्रक्रियाकै लागि चिन्ताजनक विषय बनेको छ ।

अदालतले मिसिल अभावका कारण सुनुवाइ प्रभावित हुन सक्ने भन्दै सम्बन्धित कार्यालयलाई कडाइका साथ निर्देशन दिएको छ । अब ती मिसिल कहाँ हराए, कसरी नष्ट भए र त्यसमा कसको लापरवाही छ भन्ने प्रश्न पनि उठ्न थालेको छ ।



यसैबीच संजय कुमार साहविरुद्ध "विविध" शीर्षकमा उल्लेख गरिएको मुद्दा वास्तवमा भ्रष्टाचारसंग सम्बन्धित रहेको स्पष्ट भएको छ । यसले मुद्दाको गम्भीरता झन् बढाएको छ ।

यस घटनाले न्यायिक प्रणालीमा कागजात व्यवस्थापनको अवस्थामाथि समेत प्रश्न उठाएको छ। महत्वपूर्ण मुद्दाका मिसिल नै हराउनु सामान्य त्रुटि मात्र हो वा यसमा कुनै नियोजित पक्ष लुकेको छ भन्ने विषय अब अनुसन्धानको दायरामा पर्न सक्ने देखिन्छ ।

अदालतको आदेशपछि अब सम्बन्धित निकायले ती हराएका मिसिल खोज्न कतिको सक्रियता देखाउँछन् भन्ने चासोको विषय बनेको छ ।

२०७६ फागुन १५ मा विशेष अदालतले साहलाई भ्रष्टाचार मुद्दामा ४ वर्ष जेल सजाय र १९ करोड ४४ लाख ३८ हजार ९८३ रुपैयाँ गैरकानुनी रूपमा आर्जन गरेको ठहर गर्दै जफत गर्न र सोही बराबरको जरिवाना तिराउन आदेश दिएको थियो ।

त्यस्तै विशेष अदालतले साहबाट १४ करोड २५ लाख एक हजार ७१६ रुपैयाँ सम्पत्ति शुद्धीकरण भएको ठहर गरेको थियो । २०७६ फागुन २९ मा विशेष अदालतले सम्पत्ति शुद्धीकरण मुद्दामा साहलाई ५ वर्ष कैद सजाय हुने फैसला गरेको थियो ।

विशेष अदालतले सजाय निर्धारण गरेको फैसलामा चित्त नबुझेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७७ असोज ५ गते भ्रष्टाचार मुद्दा र असोज ९ गते सम्पत्ति शुद्धीकरण मुद्दा सर्वोच्चमा पुनरावेदन गरेको थियो ।

साह २०७७ असोज १२ मा विशेष अदालतको फैसलाविरुद्ध सर्वोच्च पुगेका थिए ।

साहविरुद्ध २०७३ पुस २५ मा अख्तियारले गैरकानुनी सम्पत्ति आर्जनको अभियोगमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । उनी विरुद्ध ३१ करोड ५० लाख २६ हजार पाँच सय ५९ रुपैयाँ बराबरको सम्पत्तिको स्रोत नखुलेको भन्दै आयोगले आठ जनालाई प्रतिवादी बनाएको थियो ।

२०७४ चैत १६ मा साहविरुद्ध सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले ३२ करोड चार लाख ५० हजार ३०४ रुपैयाँ बिगो दाबी गर्दै मुद्दा दायर गर्दै सञ्जय साहका बाबु साधुसाह सुडी, आमा दुलारीदेवी साह, श्रीमती रंगीलाकुमारी साहसहित १२ जनालाई प्रतिवादी बनाएको थियो ।

उनीहरूमध्ये रामकुमार साहलाई एक वर्ष ८ महिना कैद तथा बाँकीलाई दुई वर्ष ६ महिना कैद सजाय हुने विशेष अदालतले फैसला गरेको थियो । साहविरुद्ध अख्तियारमा उजुरीपछि छानबिन गर्दा उनको सम्पत्ति अस्वाभाविक देखिएको छ ।

विभागले गरेको अनुसन्धानमा गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति तथा साधुसाह सुडी, आमा दुलारीदेवी साह, श्रीमती रंगीलाकुमारी साह, भाइ रामकुमार साह, मनोजकुमार सिंह, निलम सिंह, राममिलन राउत कुर्मी, ओमप्रकाश यादव, सुजितकुमार पाण्डे गरी कुल १२ जना प्रतिवादीसमेतको मिलेमतोमा लुकाएको दाबी गरेको थियो ।

## सशस्त्रका डीएसपी हमालमाथि छानबिन

**टुडे समाचारदाता**

जनकपपुरधाम । सिरहाको बरियारपट्टीमा स्थानीयवासीहरुलाई सशस्त्र प्रहरी बल माडर सिरहाका डीएसपी विजय हमालले दुर्व्यवहार गरेको आरोपमा उनीमाथि छानबिन हुने भएको छ ।

हुलाकी राजमार्गअन्तर्गत पर्ने बरियारपट्टी सीमा क्षेत्रमा आइतबार सशस्त्र प्रहरीले अवैध डिजेल नियन्त्रणमा लिने क्रममा स्थानीयवासीहरुमाथि हातपात गरेको भन्दै डीएसपी हमालको कार्यशैलीको प्रतिवाद गरेका थिए ।

सोही क्रममा भारतीय नम्बर प्लेटको मोटरसाइकलमा सवार डीएसपी हमालले स्थानीयवासीहरुप्रति अभद्र व्यवहार गर्दै गालीगलौज गरेको आरोप लगाइएको छ ।



उक्त घटनाको भिडियो सामाजिक सञ्जाल अन्तर्गतको फेसबुकमा सार्वजनिक भएपछि विषय थप चर्चामा आएको छ ।

उक्त भिडियो भाइरल भएसंगै उनलाई आवश्यक छानबिनका लागि सशस्त्र प्रहरी बल मधेश प्रदेश बाहिनी-२ महोत्तरी तानिएको जनाइएको छ ।

सशस्त्र प्रहरी प्रवक्ता डीआईजी विष्णुप्रसाद भट्टले जनाए अनुसार घटनाबारे प्रारम्भिक छानबिन प्रक्रिया अघि बढाइएको छ ।

सो घटनासम्बन्धी थप अनुसन्धान भइरहेको रहेको र आवश्यक कारबाहीका लागि छानबिनसमेत थालिएको सशस्त्र प्रहरीले जनाएको छ ।

## कांग्रेसको संसदीय दलका नेतामा आङदेम्बे



**टुडे समाचारदता**

जनकपुरधाम । नेपाली कांग्रेसको संसदीय दलको नेतामा भीष्मराज आङदेम्बे सर्वसम्मतरुपमा चयन भएका छन् ।

निर्वाचन समितिका संयोजक सहमहामन्त्री प्रकाश स्नेह रसाइलीले दलको नेतामा आङदेम्बेलाई सर्वसम्मत चयन गरिएको जानकारी दिए ।

आङदेम्बेलाई दलको नेता बनाउने प्रस्ताव संसदीय दलको बैठकबाट सर्वसम्मत पारित भएको निर्वाचन समितिका संयोजक सहमहामन्त्री रसाइलीले जानकारी दिए ।

कांग्रेसका नवनिर्वाचित संसदीय दलका नेता आङ्देम्बेले सरकारले जनताको मन दुखाउने काम गर्ने कडा रूपमा प्रतिवाद गर्ने चेतावनी दिए ।

सरकारले राम्रो काम गरे समर्थन र नराम्रो काम गरे कांग्रेसले प्रमुख प्रतिपक्ष दलको रूपमा कडा रूपमा प्रतिवाद गर्ने नेता आङ्देम्बेले बताए ।

उनले लोकतन्त्रमा संसद प्रतिपक्षको हुने उल्लेख गर्दै त्यसमा जिम्मेवार दलको हैसियतमा कांग्रेस प्रस्तुत हुने समेत बताए ।

Under the Management of J.E.F Pvt. Ltd
SIDDHARTHA SHISHU SADAN
BOARDING SECONDARY SCHOOL
Janakpurdham-01

नववर्ष २०८३ को उपलक्ष्यमा सम्पूर्ण अभिभावक, शिक्षक, विद्यार्थीवर्ग, नगरवासी तथा शुभचिन्तकहरुमा यहाँहरुको उत्तरोत्तर प्रगति तथा सु-स्वास्थ्यको लागि हार्दिक मंगलयम शुभकामना व्यक्त गर्दछौं ।

४५ वर्षको गरिमामय शैक्षिक इतिहास पूरागरी ४६ औं वर्षमा प्रवेश गरेको यस सिद्धार्थ शिशु सदनले "एक नारी शिक्षित भए परिवार नै शिक्षित हुने" मान्यतालाई मध्यनजर गर्दै यस शैक्षिक सत्र २०८३ मा पनि विगत् झैं छात्राहरुको नामांकन शुल्कमा ५०% छुटको व्यवस्था गरिएको सहर्ष जानकारी गराइन्छ ।

शैक्षिक सत्र २०८३ भर्ना सम्बन्धि सूचना

१. नर्सरी देखि कक्षा ९ सम्म सिमिट सिटको लागि मात्र नयाँ भर्ना लिइनेछ ।
२. प्रवेश परीक्षाको फारम वितरण : मिति २०८३-०१-०८ गते मंगलवार देखि
३. प्रवेश परीक्षाको किसिम
(क) नर्सरी देखि कक्षा ५ सम्म - मौखिक मात्र
(ख) कक्षा ६ देखि कक्षा ९ सम्म - लिखित र मौखिक दुवै ।
४. प्रवेश परीक्षा मिति :- २०८३-०१-१२ गते शनिवार
(क) पहिलो सत्र (First Shift) :- विहान ०८:०० वजे देखि ११:०० वजे सम्म
(ख) दोश्रो सत्र (Second Shift) :- दिउँसो १:०० वजे देखि ४:०० वजे सम्म
५. प्रवेश परीक्षाको नतिजा (Result) प्रकाशन :- मिति २०८३-०१-१३ बिहान ८ वजे
६. नामाङ्कन प्रारम्भ :- मिति २०८३-०१-१५ गते विहान ७ वजे देखि

विस्तृत जानकारीका लागि अभिभावक स्वयंले विद्यालयको समयमा वा कार्यालयको फोन नं. ९८५४०२८७७२/९८५४०२६५६५/९८४४२६०९६९/९८४४०३९८८७/९८०१६७४६५८/ ९८०४८९०१८१/ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

यातायातको सुविधा
जनकपुरधाम नगरपालिका भित्र तथा नगरबाहिर महेन्द्रनगर, पर्सा ,पिपरा, भोइल, तेतरीया, थुमौना, कुर्था सम्म

प्राचार्य
सिद्धार्थ शिशु सदन
भानुचौक, जनकपुरधाम-१
Ph.no.: 041-522969, 525064,
Mob. 9801622969, 9801674658



# स्काइलाइन इन्फ्राले ३५ करोडको आईपीओ ल्याउँद




**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जलाई आधुनिक व्यापारिक केन्द्रका रूपमा स्थापित गर्ने लक्ष्यसहित स्काइलाइन इन्फ्राले सर्वसाधारणका लागि २० प्रतिशत शेयर (आईपीओ) निष्काशन गर्ने निर्णय गरिएको छ।

कम्पनीको विशेष साधारण सभामा कम्पनीका सञ्चालक समिति अध्यक्ष प्रतिक अग्रवालको अध्यक्षतामा बसेको उक्त सभाले कुल जारी पूँजीको २० प्रतिशत शेयर सर्वसाधारणमा वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित गरेको हो।

यस निर्णयसँगै आईपीओ निष्काशनसम्बन्धी सम्पूर्ण प्रक्रिया अगाडि बढाउने अधिकार सञ्चालक समितिलाई प्रदान गरिएको छ। साथै संस्थापक समूहको बाँकी शेयर प्रिमियम मूल्यमा बिक्री गर्ने अधिकारसमेत व्यवस्थापनलाई दिइएको छ।

हाल १७५ करोड रुपैयाँ जारी पूँजी रहेको कम्पनीले २० प्रतिशत अर्थात् ३५ करोड रुपैयाँ बराबरको ३५ लाख कित्ता शेयर आगामी आर्थिक वर्ष २०८२/८३ मा सर्वसाधारणका लागि निष्काशन गर्ने तयारी गरेको जनाएको छ। आईपीओ निष्काशनपछि कम्पनीको पूँजी संरचना थप सुदृढ हुने र विस्तारका योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने विश्वास लिइएको छ।

कम्पनीले वीरगञ्जको आदर्शनगरमा निर्माण गरेको बहुआयामिक ९ तले आधुनिक व्यावसायिक भवन अहिले सञ्चालनमा आइसकेको छ। 'स्काइलाइन मा'ल' नाम दिइएको उक्त परियोजना शहरकै आकर्षक व्यापारिक गन्तव्यका रूपमा विकास हुँदै गएको छ। भवनको भुइँ तलामा विभिन्न ब्रान्डेड रिटेल पसलहरू सञ्चालनमा छन् भने पहिलो तलामा क्यासिनो र दोस्रो तलामा क्यूएफएक्स सिनेमा हलले मनोरञ्जनको केन्द्र बनाएको छ।

त्यसैगरी, तेस्रो तलादेखि माथिका तलाहरूमा सरोवर समूहको व्यवस्थापनमा चारतारे स्तरको होटल सञ्चालनमा रहेको छ। करिब ६० कोठा क्षमताको उक्त होटलमा आधुनिक सुविधासहित रेष्टुरेन्ट, बैंक्वेट हल, सभा-सम्मेलन कक्ष तथा रुफटप रेष्टुरेन्ट उपलब्ध छन्, जसले व्यवसायिक तथा पर्यटकीय गतिविधिलाई समेत टेवा पुऱ्याइरहेको छ।

'थ्यगच ल्भध म्भकतष्लबतष्यल' नारासहित अघि बढाइएको स्काइलाइन मा'ल परियोजनाले वीरगञ्जलाई नयाँ व्यापारिक हबका रूपमा विकास गर्ने दीर्घकालीन लक्ष्य राखेको छ। कम्पनीका अनुसार यस परियोजनाले स्थानीय व्यापार, रोजगारी सिर्जना र आर्थिक गतिविधिमा उल्लेखनीय योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

# पोर्चुगलमा पहिलो नेपाली स्वयंसेवी अग्निनियन्त्रक भण्डारी




लिस्बन । वैदेशिक रोजगारीका क्रममा पोर्चुगल पुगेका एक नेपाली यहाँ स्वयंसेवी अग्निनियन्त्रक (बोम्बेइरो) बन्न सफल भएका छन्।

रुपन्देहीको तिलोत्तमा नगरपालिका-१ निवासी ४२ वर्षीय धरमराज भण्डारी यहाँ पहिलो नेपाली अग्निनियन्त्रक बन्न सफल हुनुभएको हो। करिब डेढ वर्ष लामो अग्निनियन्त्रण, आपतकालीन सेवा तथा उद्धारसम्बन्धी कोर्स र कठिन तालिम पूरा गरेपछि उहाँ स्वयंसेवी अग्निनियन्त्रक बन्नुभएको हो।

तालिमपश्चात् आवश्यक प्रक्रिया पूरा गरेर भण्डारी सेतुबाल जिल्लाको मोइता नगरपालिकाअन्तर्गत रहेको 'बोम्बेइरोस् भोलुन्टारियोस दा मोइटा' मा आबद्ध हुनुभएको हो। उक्त संस्थाले केही साताअघि औपचारिक समारोहका बीच उहाँलाई अन्य पाँच नयाँ अग्निनियन्त्रकसँगै सेवामा प्रवेश गराएको थियो।

समारोहमा नवनियुक्त अग्नि नियन्त्रकहरूले संस्थाको झण्डासामु शपथ ग्रहण गर्दै सम्मान, कर्तव्यबोध र जिम्मेवारीका साथ समुदायको सेवामा समर्पित रहने प्रतिबद्धता व्यक्त गरेका थिए।

भण्डारीले स्वयंसेवी अग्नि नियन्त्रक बन्न पाउँदा आफूलाई अत्यन्त खुसी र गर्व लागेको बताउनुभयो। उहाँले भन्नुभयो, "विदेशी भूमिमा मानवीय सेवासँग जोडिन पाउनु एउटा नेपालीका रूपमा गर्वको कुरा हो। पोर्चुगलले हामीलाई धेरै दिएको छ, त्यसैले हामीले केही योगदान गर्नुपर्छ भन्ने उद्देश्यले यो सेवामा जोडिएको हुँ। यसलाई आत्मसन्तुष्टि र सौभाग्यका रूपमा लिएको छु।"

भण्डारीका अनुसार यो सेवा पूर्ण रूपमा स्वयंसेवी हो र यसमा कुनै पारिश्रमिक वा सुविधा हुँदैन। "यो विशुद्ध सामाजिक र मानवीय सेवा हो, जसले छुट्टै सन्तुष्टि दिन्छ", उहाँले भन्नुभयो।

भण्डारीको यो यात्रा भने सहज थिएन। सुरुआतमा उहाँले धेरै संस्थामा अग्नि नियन्त्रणका लागि आवेदन दिए पनि अस्वीकृत हुनुपरेको थियो। अग्नि नियन्त्रक बन्ने चाहना व्यक्त गर्दा धेरैले अचम्म माने पनि अन्ततः 'बोम्बेइरोस् भोलुन्टारियोस दा मोइटा' ले आफूलाई अवसर दिएको भन्दै उहाँले धन्यावाद दिनुभयो।

"नियुक्ति प्रक्रियाकै क्रममा विदेशी नागरिकलाई अग्नि नियन्त्रक बनाउन नहुने भन्दै उजुरीसमेत परेको थियो, तर प्रशासनले उक्त उजुरी अस्वीकार गर्दै नियुक्ति दिएको छ", भण्डारीले भन्नुभयो, "तालिममा सहभागी भएका २२ जनामध्ये छ जना मात्र छनोट भएका छौं। जसमा म मात्र एसियाली क्षेत्रको हुँ।"

> "विदेशी भूमिमा मानवीय सेवासँग जोडिन पाउनु एउटा नेपालीका रूपमा गर्वको कुरा हो। पोर्चुगलले हामीलाई धेरै दिएको छ, त्यसैले हामीले केही योगदान गर्नुपर्छ भन्ने उद्देश्यले यो सेवामा जोडिएको हुँ। यसलाई आत्मसन्तुष्टि र सौभाग्यका रूपमा लिएको छु।"

उहाँको शपथ ग्रहण समारोहमा पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेल विशेष अतिथिका रूपमा सहभागी हुनुभएको थियो। त्यस क्रममा राजदूत पौडेलले भण्डारीको उपलब्धिले नेपाल र नेपाली समुदायको गौरव बढाएको बताउनुभयो। "यो उपलब्धि सम्पूर्ण नेपाली समुदायका लागि प्रेरणादायी छ। यसले पोर्चुगलमा नेपालीहरूको सकारात्मक छवि अझ मजबुत बनाएको छ", उहाँले भन्नुभयो।

लामो समय अरब मुलुकहरूमा काम गरेपछि पाँच वर्षअघि पोर्चुगल पुग्नुभएका भण्डारीले सुरुमा रेस्टुरेण्टमा काम गरेको सुनाउनुभयो। पछि एउटा कम्पनीमा 'मेकानिक्स' का रूपमा काम सुरु गरेपछि सामाजिक सेवामा संलग्न भएको उहाँको भनाइ छ।

पोर्चुगलको अग्नि नियन्त्रण सेवा सरकारी तथा स्वयंसेवी दुवै संरचनामा आधारित छ। यसले आगलागी नियन्त्रणका साथै आकस्मिक चिकित्सा सेवा, एम्बुलेन्स सेवा, सवारी दुर्घटना, बाढी तथा प्राकृतिक विपद्का बेला उद्धार र राहत कार्यमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ।

भण्डारी हाल परिवारसहित पोर्चुगलमा बसोबास गर्दै आउनुभएको छ। रासस

## राष्ट्रियसभा उपाध्यक्ष भण्डारी र गण्डकी प्रदेश प्रमुखबीच भेटवार्ता

गण्डकी। गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्ट र राष्ट्रियसभाका उपाध्यक्ष लिलाकुमारी भण्डारीबीच आज पोखरामा भेटवार्ता भएको छ।

प्रदेश प्रमुख निवासमा भएको भेटवार्तामा प्रदेश प्रमुख भट्टले राष्ट्रियसभामा निर्विरोध निर्वाचित हुनुभएकामा उपाध्यक्ष भण्डारीलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभयो।

सङ्घ र प्रदेशबीचको समन्वय तथा सहकार्यमा जोड दिँदै उहाँले प्रदेशमा कानुन निर्माण प्रक्रिया तथा त्यसको कार्यान्वयन, नीति निर्माणसँग सम्बन्धित विषयहरूबारे चर्चा गर्नुभयो।

उपाध्यक्ष भण्डारीले प्रदेश मुलुकमा प्राप्त उपलब्धिलाई संस्थागत गर्ने महत्त्वपूर्ण आधार भएकाले प्रदेशको सफलता सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सफलतासँग जोडिएको धारणा राख्नुभयो। रासस

# सुधारिँदै काठमाण्डुको वायु गुणस्तर



काठमाण्डु । गत साता तीव्र रूपमा वृद्धि हुन थालेको काठमाडौँ उपत्यकाको वायु गुणस्तर पुनः सुधारोन्मुख देखिएको छ। सुक्खा मौसम र वन डढेलोका कारण बढेको प्रदूषण पछिल्ला दिनमा वर्षा सुरु भएसँगै क्रमशः घट्न थालेको हो।


एयर क्वालिटी इन्डेक्स (एक्युआई) का अनुसार गत मङ्गलबार करिब ९२ को हाराहारीमा रहेको वायु गुणस्तर सूचकाङ्क बिहीबार बढेर २४७ पुगेको थियो। उक्त स्तर 'धेरै अस्वस्थ' श्रेणीमा पर्ने भएकाले सर्वसाधारणको स्वास्थ्यमा गम्भीर असर पर्ने भन्दै विज्ञहरूले चिन्ता व्यक्त गरेका थिए। हाल भने प्रदूषण घट्दै आज एक्युआई १४१ मा झरेको छ, जुन 'अस्वस्थ' श्रेणीमा पर्दछ।

एक्युआईको मापदण्डअनुसार ०-५० सम्म 'राम्रो', ५१-१०० 'मध्यम', १०१-१५० 'अस्वस्थ', १५१-२०० 'सबैका लागि अस्वस्थ', २०१-३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले वर्षाले वायु प्रदूषण नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। "लामो समयसम्म वर्षा नहुँदा धुलो र धुवाँ वायुमण्डलमा थुप्रिने, वन डढेलो बढ्ने र त्यसबाट निस्किएको धुवाँ उपत्यकामा जम्ने अवस्थाले प्रदूषण उच्च हुन्छ," उहाँलेभ न्नुभयो, "साथै छिमेकी मुलुक भारतबाट आउने प्रदूषित हावाले पनि काठमाडौँको वायु गुणस्तरमा असर पार्ने गरेको छ।"

उहाँले प्रदूषण नियन्त्रणका लागि सम्बन्धित निकायहरूले दिगो तथा वातावरणमैत्री विकासका उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो। जल तथा मौसम विज्ञान विभागका मौसमविद् बिनु महर्जनका अनुसार बुधबारदेखि वर्षाको राम्रो सम्भावना रहेको छ। यसले वायुमा रहेका धुलो र कणहरूलाई नियन्त्रण गर्दै प्रदूषण थप घटाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। रासस

# दुई दिनपछि खुल्यो अवरुद्ध बीपी राजमार्ग



काभ्रेपलाञ्चोक। शनिबारको वर्षापछि रोशी खोलाको बाढीका कारण अवरुद्ध बीपी राजमार्ग दुई दिनपछि खुलेको छ। रोशी खोलामा अस्थायी डाइभर्सन बनाइ आज दिउँसो ३ बजेदेखि आवागमन गराइएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ।

आइतबार दिनभर डाइभर्सनको काम गरे पनि आइतबार अपराह्नको वर्षाले केही स्थानको डाइभर्सनमा पुनःक्षति पुऱ्याएपछि आइतबार साँझ आगावमन सञ्चालन गर्न नसकिएको कार्यालयका प्रमुख प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले बताउनुभयो। उहाँका अनुसार आज बिहानदेखि पुनः डाइभर्सन बनाइ दिउँसो ३ बजेदेखि आवागमन नियमित गराइएको हो।

वर्षाले राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी क्षेत्रमा करिब चार किलोमिटर डाइभर्सन बगाएको थियो। कार्यालयका अनुसार उक्त क्षेत्रको आठ स्थानको बाट डाइभर्सन बनाइ आवागमन गराइएको हो। आइतबार नै सात स्थानको डाइभर्सन बनाएपछि चारसयबेंसी भन्ने स्थानमा डाइभर्सन बनाउने क्रममा बर्षा भएपछि थप काम रोकाइएको थियो।

शनिबार दिउँसो वर्षा सुरु भए लगत्तै जोखिमलाई मध्यनजर गर्दै जिल्लास्थित सुरक्षा निकायले उक्त राजमार्गमा ३:३० बजेदेखि आवागमन बन्द गराएको थियो। जिल्ला प्रहरी कार्यालय धुलिखेलले उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्धस्थित कटुञ्जेदेखि रोशीको मङ्गलटार सडकखण्ड वर्षाका कारण रोशी खोलामा ठूलो बाढी आएकाले सम्भावित जोखिम नहोस् भन्ने हेतुले बन्द गराएको हो।

गत चैत तेस्रो साता पनि सोही क्षेत्रको विभिन्न स्थानको चार किमी बगाएपछि पुनःअस्थायी डाइभर्सन निर्माण गरिएको थियो। गत सालको बाढीपहिरोले रागमार्गको चौकीडाँडा, रोशी तथा सिन्धुलीको नेपालथोक क्षेत्रमा १८ किमी सडक बगाएपछि खोलामै डाइभर्सन निर्माण गरी आवागमन भइरहेको थियो। हाल उक्त क्षेत्रमा स्थायी सडक निर्माण भइरहेको कार्यालयले जनाएको छ।

राजमार्ग अवरुद्ध भएपछि सवारीसाधनलाई राजमार्गको प्रवेशमार्ग धुलिखेल तथा काभ्रेभन्ज्याङ र मङ्गलटार तथा सिन्धुलीको नेपालथोकमा 'होल्ड' गराइएको थियो। कतिपय साना सवारीसाधनलाई तेमाल गाउँपालिका हुँदै वैकल्पिक मार्गबाट नमोबुद्ध नगरको भकुण्डेसम्म ल्याइएको थियो। रासस

# संसद् अधिवेशन स्थगित गरेर अध्यादेश ल्याउनु उचित हुँदैनः कांग्रेस प्रवक्ता चालिसे



पाटन । नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले संसद् अधिवेशन स्थगित गरेर अध्यादेश ल्याउनु उचित नभएको बताउनुभएको छ।

पार्टी केन्द्रीय कार्यालय सानेपा, ललितपुरमा पार्टी आज बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकपश्चात् सञ्चारकर्मीसँग उहाँले बोलाइसकेको संसद् अधिवेशन स्थगित गरेर अध्यादेश ल्याउने कुरा मर्यादित नभएको र त्यस्तो कार्यमा पार्टीको असहमति रहने बताउनुभयो।

"एकातिर अधिवेशन बोलाइसकेपछि स्थगित गरिएको छ, अर्कोतिर संसद् छलेर अध्यादेश ल्याउने कुरा चलिरहेको छ, त्यसो गर्नु मर्यादित कदम होइन। जनप्रतिनिधिको थलो संसद्बाटै पारदर्शी रूपमा आवश्यक कानुन ल्याउनुपर्छ", प्रवक्ता चालिसेले भन्नुभयो।

उहाँले पार्टी सभापति गगनकुमार थापाको अध्यक्षतामा बसेको कार्यसम्पादन समिति बैठकका विभिन्न निर्णयबारे जानकारी दिनुभएको थियो।

प्रवक्ता चालिसेले पेट्रोलियम पदार्थको अत्यधिक मूल्य वृद्धि भएको अवस्थामा सहुलियत दिने तथा गत भदौ २३ र २४ को जेनजी आन्दोलनका घटनामा भएको क्षतिको अनुसन्धान गर्नेतर्फ सरकारले कुनै चासो नदेखाएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो। रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आजको दिन तपाईका लागि मिश्रित रहनेछ।
वृष : साथीभाइ र दाजुभाइको सहयोगले अधुरा रहेका कामहरु पूरा हुनेछन्।
मिथुन : आज आर्थिक लाभको योग छ।
कर्कट : बोलीको प्रभावले अरुलाई आकर्षित गर्न सकिनेछ।
सिंह : आयस्रोत भन्दा खर्चको मात्रा बढ्न सक्छ।
कन्या : सामाजिक कार्यमा संलग्न हुने अवसर मिल्नेछ।
तुला : पद प्रतिष्ठा प्राप्त हुने सम्भावना छ। धार्मिक कार्यमा रुचि बढ्नेछ।
वृश्चिक : लामो समयदेखि रोकिएको काम बन्नेछ।
धनु : आज सावधानी अपनाउनुपर्ने दिन छ।
मकर : साझेदारीमा गरिएको कामबाट लाभ हुनेछ।
कुम्भ: कानूनसम्बन्धी विवाद वा समस्याहरुबाट मुक्ति मिल्नेछ। शत्रुहरु परास्त हुनेछन्।
मीन: सन्तानबाट सुख प्राप्त हुनेछ। नयाँ रचनात्मक कार्यमा मन जानेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सुरक्षित गर्भपतन सेवा असुरक्षित

काठमाण्डु । विक्रम संवत् २०७६ चैत ११ देखि २०७७ साउन ६ सम्मका कोभिड-१९ कारण 'लकडाउन'मा मात्र १३४ सुत्केरी तथा गर्भवतीले अकालमा ज्यान गुमाएका थिए ।

महामारीका सुरुआती चरणमा परिवार नियोजनका साधनको मागलाई पूर्ति गर्न समस्या देखियो । कोरोना नियन्त्रणलाई प्राथमिकता दिइएका कारण सुरक्षित गर्भपतन सेवा प्रदान गर्न अप्ठ्यारो भएको हो । महामारीमा परिवार नियोजनको सेवाको प्रयोगदर ३९ बाट ३७ प्रतिशतमा झरेको थियो ।

विसं २०८१ साउनमा चितवनको एक अस्पतालमा गर्भपतन गराउने क्रममा एक महिलाको मृत्यु भयो । भरतपुर महानगरपालिका-२६ की ३२ वर्षीया नवीना महतोको अत्यधिक रक्तस्राव नरोकिएपछि अकालमा निधन भएको थियो । तत्कालीन समयमा गर्भपतन सेवा दिएको स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी नै सूचीकृत तथा तालिम प्राप्तसमेत थिएनन् । 'मेडिकल हव'मा विकसित हुँदै गरेको चितवनमा पछिल्लो समय पनि असूचीकृत स्वास्थ्य संस्था तथा तालिम अप्राप्त स्वास्थ्यकर्मीबाट गर्भपतन सेवा लिने क्रम घटेको छैन ।

पर्साको बहुदरमाई नगरपालिका-६ स्थित भौवटारकी लालसा साह कानु को विसं २०८२ को जेठ अन्तिम साता अत्यधिक रक्तस्रावपछि निधन भयो । २४ वर्षीया कानुको गर्भपतनको असूचिकृत औषधि असूचीकृत औषधि पसलबाट किनेर स्वास्थ्यकर्मीको सल्लाह विना आफूखुसी खाएपछि स्वास्थ्य जटिलता देखिएको थियो ।

जटिल अवस्थामा स्वास्थ्य संस्थामा पुगेपछि उपचारका क्रममा उनीको निधन भएको थियो । पर्सामा गर्भपतनका औषधि अनधिकृत पसलबाट अनधिकृत बिक्री हँदा असुरक्षित गर्भपतनका घटना नियन्त्रणमा चुनौती छ । सीमावर्ती सहर रक्सौलसँग जोडिएकाले पनि जटिलता थपिएको हो । 'गर्भपतन सेवा लिन सूचीकृत स्वास्थ्य संस्थामै जानुपर्छ' र 'गर्भपतनका लागि अनधिकृत औषधि स्वास्थ्यकर्मीका सल्लाह विना सेवन गरिनु हँदैन' भन्ने चेतनाका अभाव छ ।

सुरक्षित गर्भपतन सेवा लिन स्वास्थ्य संस्थामा गएकी पाल्पाको बगनास गाउँपालिका-२ की २९ वर्षीया गीता पाण्डे सदाका लागि असुरक्षित भइन् । तीन वटा स्वास्थ्य संस्था धाउँदा धाउँदै यही वैशाख ६ गते उनको अकालमा मृत्यु भयो ।

बुटवल उपमहानगरपालिकास्थित खत्री नर्सिङ होम, जोनल फार्मेसी र इन्दुलेखा स्वास्थ्य क्लिनिकको 'हेलचेक्र्याइँ' नै उनको निधनको प्रमुख कारक बन्यो ।

नेपाल मेडिकल काउन्सिलले हालैको बुटवल घटनाबारे सार्वजानिक गरेको प्रारम्भिक प्रतिवेदनले औंल्याउँदछ "आर्थिक लाभका लागि विना रेकर्ड गर्भपतन गराउने कार्य बढिरहेको र यसकै कारण महिलाहरू जोखिममा परी मृत्युदर समेत बढेकाले सो कार्यलाई रोक्नका लागि आवश्यक नीति बनाई कार्यान्वयनमा ल्याउनुपर्छ । "

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशखाका अनुसार बुटवल उपमहानगरपालिकास्थित खत्री नर्सिङ होम, जोनल फार्मेसी र इन्दुलेखा स्वास्थ्य क्लिनिक गर्भपतन सेवाका लागि सूचीकृत छैनन् । साथै गीताको उपचारमा संलग्न भनिएका स्वास्थ्यकर्मीसमेत गर्भपतन सेवाका लागि तालिम अप्राप्त व्यक्ति हुन् ।




स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहसचिव एवं निवर्तमान प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार गर्भपतन सेवाका लागि सेवाप्रदायक स्वास्थ्य संस्था अनिवार्य सूचीकृत हुनैपर्छ र स्वास्थ्यकर्मीले आवश्यक तालिम लिएकै हुनुपर्छ ।

स्वास्थ्यकर्मीले गर्भपतन गराउन गीतालाई दिएको औषधि कुन थियो, यो औषधिको बिक्रीका लागि औषधि व्यवस्था विभागमा दर्ता गरिएको थियो कि थिएन नेपाल मेडिकल काउन्सिलद्वारा गठित छानबिन समितिले अध्ययन गरिरहेको छ । काउन्सिलका सदस्य डा सम्राट पराजुली नेतृत्वको छानबिन समितिले अन्तिम प्रतिवेदन नआएसम्म बुटवलका जोनल फार्मेसी र इन्दुलेखा स्वास्थ्य क्लिनिक 'सिल' गर्न सिफारिस गरेको छ ।

मेडिकल काउन्सिलका रजिस्ट्रार डा शतिशकुमार देवले बुटवल घटनाको प्रारम्भिक प्रतिवेदन तयार गरिएको, यसका केही सुझाव कार्यान्वयनमा समेत आइसकेको र अन्तिम प्रतिवेदन तयार भएपछि घटनाबारे विस्तृत विवरण आउने जानकारी दिनुभयो ।

प्रारम्भिक प्रतिवेदनमा भनिएको छ, "पूर्वाधारको अभाव जटिलता उत्पन्न हुँदा आवश्यक पर्ने जीवनरक्षा प्रणाली उपकरणहरू क्लिनिकमा पर्याप्त हुनुपर्ने र सोका आधारमा मात्रै सञ्चालन अनुमति दिनुपर्ने, सम्बन्धित निकायबाट अनुगमन तथा निरीक्षण गरी तोकिएको मापदण्ड पूरा नभएका स्वास्थ्य संस्थाहरू तत्काल बन्द गर्नुपर्ने, स्वास्थ्य सेवा प्रदायकले चिकित्सकको 'प्रेस्कृप्सन' विना औषधि बिक्री वितरण गर्न नपाइने बिक्री वितरण गरेका सम्पूर्ण औषधिको अभिलेख राख्नुपर्ने, दर्तावाला चिकित्सकले सेवा प्रदान गर्दा आवश्यक पूर्वाधार पूरा गरेका स्वास्थ्य संस्थाहरूबाट मात्रै सेवा प्रदान गर्ने र आफूले प्रदान गरेको सेवाको सम्पूर्ण विवरण 'डिजिटल' रूपमा अभिलेख राख्नुपर्ने, प्रत्येक स्वास्थ्य संस्थाले सेवा प्रदान गर्ने विषयमा सर्वसाधारणले प्रस्ट देखिने गरी मूल्यसूची सहितको नागरिक बडापत्र अनिवार्य रूपमा राखिनुपर्ने ।"

साथै निजी क्लिनिक र अस्पतालहरूको सूचीकरण र गुणस्तरको तत्काल अनुगमन गरी मापदण्ड नपुगेका संस्था बन्द गर्न र सुरक्षित गर्भपतन सरकारी तथा सूचीकृत अस्पताल, स्वास्थ्य संस्थामा मात्र गराउन सर्वसाधारणमा सूचना प्रवाह गर्न प्रारम्भिक सुझाव समितिले दिएको छ ।

**प्रभावकारी बन्न सकेनन् कानुन , पुगेन अनुगमन**

सुरक्षित गर्भपतन सेवालाई कानुनले स्पष्ट रूपमा मुख्यतः महिलाको प्रजनन स्वास्थ्य र अधिकारका रूपमा व्याख्या गरे पनि सो सेवामा लक्षित वर्गको सहज पहुँच, गुणस्तरीय सेवा र यसको स्वीकार्यतालाई देशभर विस्तार गर्न सकिएको छैन । असुरक्षित गर्भपतनका कारण हुने मातृ मृत्युदर घटाउन पनि सकिएको छैन । सरकारले सुरक्षित र सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र गर्भपतन सेवा लिन आग्रह गरिरहे पनि अनुगमन पक्ष अत्यन्त फितलो हुँदा अकालमा आमाहरूको मृत्यु रोकिएको छैन ।

सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ ले सुरक्षित गर्भपतन सेवा सञ्चालनको अनुमति दिने अधिकार स्थानीय पालिकालाई दिएको छ । तर अझै पनि अधिकांश स्थानीय पालिकाले यो अधिकारलाई जनशक्तिको अभाव देखाउँदै प्रयोग गर्न पन्छिदै आएका छन् ।

सुरक्षित गर्भपतन कुनै अपराध होइन, प्रत्येक गर्भवती तथा किशोरीको अधिकार हो भन्ने मान्यतालाई स्थापित गर्न सकिएको छैन ।

महिला विकास तथा कानुन मञ्च आबद्ध अधिवक्ता सविन श्रेष्ठले सुरक्षित गर्भपतनसम्बन्धी ऐन नियमावली कार्यान्वयन तथा अनुगमन पक्ष फितलो भएका कारण समस्या भएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५, नियमावली संशोधन जरुरी छ । प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी ऐन ल्याउने मुलुकहरूमा नेपालसहित फिलिपिन्स, युगान्डालगायत मुलुक मात्रै छन् ।"

परिवार कल्याण महाशाखाका अनुसार नेपालमा गत आर्थिक वर्ष मुलुकभर एक लाख पाँच हजार बढी महिलाले गर्भपतन सेवा लिएका थिए । तीमध्ये २० वर्ष माथिका औषधि दिइने सेवा (एमए) ६९ हजार ६९०, औजारद्वारा दिइने सेवा एमभिए) २६ हजार २८८, औषधि दिइने सेवा (एमआई) एक हजार ६० र औजारद्वारा दिइने सेवा (डिएन्डई) ५५९ र २० वर्ष मुनिका ६ हजार ९०१ रहेका थिए ।

महाशाखाले गरेको अध्ययनअनुसार नेपालमा हुने करिब ५२ प्रतिशत गर्भपतन असुरक्षित छन् । अर्थात् ४८ प्रतिशत मात्र सुरक्षित गर्भपतन हुने गर्दछ । सन् २०२१ को अध्ययन भन्दछ, "सन् २०२१ मा गर्भपतन सेवा लिएका तीन लाख ३३ हजार ८५३, स्वास्थ्य संस्थामा गरिएको गर्भपतन एक लाख ७६ हजार २१६, स्वास्थ्य संस्था बाहिर एकलाख ४० हजार ४६० र अन्य हानिकारक अभ्यसद्वारा १६ हजार ६६७ ।"

सोही अध्ययनमा नेपालमा एक वर्षमा आठ लाख ६२ हजार १९९ गर्भधारण हुनेमध्ये करिव ५३ प्रतिशत गर्भ अनिच्छित रहने गरेको छ । साथै दुई तिहाइ अनिच्छित गर्भपतन हुने गरेको छ ।

कुल गर्भपतनको ५२ प्रतिशत असुरक्षित हुने गरेको छ । औसतमा नेपालमा प्रत्येक दिन दुई जना आमाले अकालमा ज्यान गुमाउँदा करिब पाँच प्रतिशत मातृ मृत्युमध्ये गर्भपतनका जटिलताका कारण हुने गरेको छ ।

सुरक्षित गर्भपतनका सेवाका बारेमा अनुगमनको समन्वय गर्ने काम सम्बन्धित जिल्ला जनस्वास्थ्य कार्यालय/स्वास्थ्य कार्यालयलाई रहेको छ । तर हालसम्म यस्तो अनुगनमन न्यून मात्र हुने गर्दछ ।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी ऐन २०७५ को भाग ४ को दफा १५ ले गर्भवतीको अवस्थाअनुसार १२ देखि २८ हप्तासम्मको गर्भपतन गराउन सकिन्छ । गर्भवतीको मञ्जुरीमा १२ हप्तासम्म जस्तो प्रकारको गर्भ पनि पतन गराउन सकिन्छ । गर्भपतन नगराएमा ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन सक्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ता महिलाको मञ्जुरीमा २८ हप्ता सम्मको गर्भ पनि पतन गराउन पाइने व्यवस्था उक्त ऐनले गरेको छ । यसबाहेक जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ, रोग प्रतिरोधात्मक क्षमता उन्मुक्ति गर्ने जीवाणु वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेमा पनि महिलाको मञ्जुरीमा २८ हप्तासम्म सुरक्षित गर्भपतन गराउन पाइने व्यवस्था सो ऐनमा छ ।

**सरकारी स्वास्थ्य सस्थाः निःशुल्क सेवा छ, सेवाग्राही छैनन्**

हाल ७७ जिल्ला अस्पताल र सीमित प्राथमिक स्वास्थ्य केन्द्रमा गर्भपतन सेवा उपलब्ध छ । विसं २०७३ देखि नै निःशुल्क रहेको यो सेवाका बारेमा सेवाग्राहीलाई जानकारी नै छैनन् । नेपालमा बर्सेनि कति महिलालाई सुरक्षित गर्भपतनको सेवा आवश्यक पर्छ र कति सेवाग्राहीले औषधि पसलका औषधिबाट गर्भपतन गराउँछन् भन्ने यकिन तथ्याङ्क सरकारी निकायसँग छैन ।

स्वास्थ्य मन्त्रालयका सहसचिव डा बुढाथोकी भन्नुहुन्छ, "सेवाग्राहीले गर्भपतन सेवाका लागि क्लिनिक सूचीकृत छ कि छैन बुझेर मात्र सेवा लिनुपर्छ । आफूखुसी अनधिकृत औषधि पसलबाट अनधिकृत औषधि सेवन गर्नुहुन्न । औषधि व्यवस्था विभागको सीमित स्रोत साधनका कारण औषधि पसल अनुगमन गर्न नभ्याइएको हो । सुरक्षित गर्भपतन सेवाअन्तर्गत क्लिनिक र औषधि सेवनमार्फत दुवै सेवा प्रदान गर्न सरकार सक्षम छ । सेवा छ, सेवाग्राही छैनन् ।"

सरकारी स्वास्थ्य संस्थामा गोपनीयता नहुने जनाउँदै सेवाग्राही यस्ता सेवाका लागि निजी तथा औषधि पसलमा निर्भर हुने गर्दछन् ।

गत असोजसम्म सुरक्षित गर्भपतन सेवाका लागि दुई हजार ८२७ भन्दा वढी स्वास्थ्य संस्था सूचीकृत भएका छन् भने सात हजारभन्दा बढी स्वास्थ्यकर्मीले तालिम प्राप्त गरी सो सेवा प्रदान गरिराखेका जनाइएको छ ।

'मिफेप्रिस्टोन' र 'मिसोप्रोस्टोल' नामक औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन सेवा (एमए) नेपालमा बढी प्रयोगमा छ । यो १० हप्ताभित्रको गर्भका लागि सुरक्षित मानिन्छ । तालिम तथा अनुमति प्राप्त नर्सले सुरक्षित गर्भपतनका लागि घरमा पुगेर सो सेवा दिन सुरुआत गरेका छन् । ग्रामीण क्षेत्रमा यो सेवा अति प्रभावकारी रहेको स्वास्थ्य मन्त्रालयको दाबी छ ।

यसैगरी, १२ हप्तासम्मको गर्भपतनलाई ' म्यानुअल भ्याकुम एस्पिरेसन (एमभिए)' विधिमार्फत तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा औजारका माध्यमबाट गरिन्छ । १३ देखि १८ हप्तासम्म गर्भलाई 'कम्प्रिहेन्सिब इमरजेन्सी अब्सटेटिक नियोनेटल कियर' सुविधा भएको सूचीकृत स्वास्थ्य संस्थामा तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा डाइलेटेसन एन्ड इभ्याकुएसन (डिएन्ड) गरिन्छ ।

औषधि विधि (एमए) बाट गरिने गर्भपतन सेवा प्रभावकारी रहेको छ । सुरक्षित गर्भपतन सेवाका बारेमा अझै जानकारी छैन । रासस

## उपत्यकाका चार स्थानमा भत्काइयो अतिक्रमित १२ सय बढी घरटहरा

काठमाण्डु । काठमाण्डु उपत्यकाका चार स्थानमा सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमित गरेर बनाइएका एक हजार २७२ घरटहरा भत्काइएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, काठमाडौं महानगरपालिकाका नगर प्रहरीको समन्वयमा सरकारी टोलीले शनिबार र आइतबार काठमाडौंको थापाथली, गैरीगाउँ-बानेश्वर र जडीबुटी तथा भक्तपुरको मनोहरा क्षेत्रमा अवैध रूपमा निर्माण गरिएका घरटहरा भत्काएको हो ।

ती चार स्थानमा कुल एक हजार ६५० घर टहरा रहेको प्रहरी तथ्याङ्कले देखाएको छ । गैरीगाउँ-सिनामङ्गल क्षेत्रमा १५ वटा पक्की घर र मनोहरा वस्ती (भक्तपुर) मा ३६५ घरटहरा भत्काउन बाँकी रहेको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले रासससलाई जानकारी दिनुभयो ।

शनिबार काठमाडौंको थापाथलीस्थित बागमती नदी किनारमा अतिक्रमण गरी निर्माण गरिएका १४३ घरटहरा भत्काइएको थियो । जोखिमयुक्त क्षेत्रमा निर्माण गरिएका ती संरचना भत्काइएपछि घरबारविहीन बनेका ३४ परिवारका ११५ सदस्यलाई काठमाडौं महानगरपालिकाको सहयोगमा राधास्वामी सत्सङ्ग भवन कीर्तिपुरमा राखिएको छ ।

यस्तै गैरीगाउँ-बानेश्वर क्षेत्रमा रहेका ५७८ मध्ये शनिबार ५६० घरटहरा भत्काइएको थियो । सुरक्षाकर्मीको टोलीले आज थप पाँच वटा घर टहरा भत्काएको छ । सो क्षेत्रमा अझै १५ वटा पक्की घर भत्काउन बाँकी छ । काठमाडौं महानगरपालिका-९ अन्तर्गत गैरीगाउँ-सिनामङ्गल क्षेत्रका अतिक्रमित संचरना हटाउन सुरक्षाकर्मी खटिइएको थियो ।

आइतबार मनोहरा जडिबुटी (काठमाण्डु) तर्फ ११४ घरटहरा भत्काइएको प्रहरीले जनाएको छ । सो क्षेत्रमा अन्दाजी ६०० जना बसोबास गर्दै आएका थिए । उनीहरूलाई सुरक्षित स्थानमा सारिएको छ । यस्तै मनोहरा वस्ती (भक्तपुर) तर्फका ८१५ मध्ये ४५० भन्दा बढी घरटहरा भत्काइएको छ ।

मनोहरा नदी किनारामा आज बिहान १०:०० बजेदेखि काठमाडौं महानगरपालिकाका सात वटा डोजरको सहायताले अतिक्रमित संरचना भत्काउन थालिएको थियो । वर्षाका कारण आजको संरचना भत्काउने कार्यलाई स्थगित गरिएको र बाँकी संरचना सोमबार हटाउने तयारी गरिएको छ ।

सहरी विकास मन्त्रालयले जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने तथा आवश्यकताअनुसार व्यवस्थापन सहज रूपमा अघि बढिरहेको जनाएको छ ।रासस

# सात वर्षीय बालकले राखे कीर्तिमान

पोखरा । 'हिमालले उमेर सोध्दैन, केवल साहस र दृढ इच्छाशक्ति खोज्छ' यही उक्तिलाई सात वर्षीय भारतीय बालक तेगबीर सिंहले चरितार्थ गरिदिएका छन् ।

विश्वकै चुनौतीपूर्ण र सुन्दर पदमार्गमध्येको एक मानिने अन्नपूर्ण सर्किटअन्तर्गत पाँच हजार ४१६ मिटर उचाइको थोरङ्लापास सफलतापूर्वक पार गर्दै उनले विश्वकै सबैभन्दा कान्छो पदयात्रीको कीर्तिमान कायम राखेका हुन् ।

भारतको पञ्जाबस्थित रोपडका तेगबीरले सात वर्ष छ महिनाको उमेरमा यो ऐतिहासिक उपलब्धि हासिल गरे । यसअघि यो कीर्तिमान दुबईका इभान क्रुस्कोभका नाममा थियो, जसले सात वर्ष १० महिनाको उमेरमा यो उचाइ पार गरेका थिए ।



आफ्नो बुबाका साथ अप्रिल ११ मा सुरु भएको तेगबीरको यात्रा अप्रिल १८ को बिहान ९:२५ बजे थोरङ्ला पासको चुचुरोमा पुगेर टुङ्गियो । करिब २३० किलोमिटर लामो यो पदयात्रा सहज थिएन । माइनस १३ डिग्री सेल्सियससम्मको कठ्याङ्ग्रिदो चिसो, अपर्याप्त अक्सिजन र चुनौतीपूर्ण भौगोलिक अवस्थालाई उनको इच्छाशक्ति र साहसले सजिलै छिचोल्न सफल भयो ।

यति सानो उमेरका तेगबीरलाई न त हाइअल्टिच्युड (लेक लाग्ने) समस्या भयो, न त उनी कतै थाके । पदयात्रा सकेर पोखरा फर्किएका उनी लेकसाइडको एक होटलमा भेटिँदा निकै प्रफुल्ल मुद्रामा देखिए । टेबुलमा बसेर कागजको जहाज बनाउँदै खेलिरहेका उनी आफ्नो उचाइप्रतिको मोहलाई निर्दोष ढङ्गले व्यक्त गरिरहेका थिए । "मलाई नेपालमा यात्रा गर्दा निकै रमाइलो लाग्यो, मलाई हिमाल पहाड निकै मन पर्छ," उनले उत्साहित हुँदै भने, "मलाई यहाँको दालभात र गार्लिक सुप धेरै मनपर्‍यो ।" यो यात्राले मेरो आत्मविश्वास अझ बढाएको छ, तेगबीरले आफ्नो अनुभव सुनाए ।

पदयात्राका 'ट्रेकिङ गाइड' दलबहादुर गुरुङ (दुले) ले यात्राका क्रममा बालक तेगबीरको जिज्ञासु स्वभाव र थकान महसुस नगरी निरन्तर हिँडिरहने क्षमताको खुलेर प्रशंसा गर्नुभयो । "मेरो दशक लामो ट्रेकिङ अनुभवमा तेगबीर जस्तो सानो उमेरको बालकलाई पहिलोपटक गाइड गर्दै थिएँ । सुरुमा यति सानो बालक कसरी हिँड्ला भन्ने लागेको थियो तर यात्रा सुरु भएपछि ऊ निकै साहसी, जिज्ञासु र रमाइलो स्वभावको देखियो," गुरुङले भन्नुभयो ।

उहाँका अनुसार, यात्राभर तेगबीरले देखेको प्रत्येक पहाड र हिमालतर्फ औंल्याउँदै त्यहाँ पुग्न कति दिन लाग्छ ? त्यो ठाउँ कस्तो छ ? भनेर जिज्ञासा राख्ने गर्दथे । थकाइ लाग्यो कि भनेर सोध्दा ऊर्जाका साथ लागेको छैन भन्दै जवाफ दिन्थे । गुरुङले उनमा देखिएको उत्साह, सहनशीलता, प्रकृतिप्रतिको प्रेम र अनुशासन आफूलाई अत्यन्त मन परेको बताउनुभयो ।

यात्रामा सँगै रहेका भरिया यम गुरुङले पनि तेगबीरको चञ्चल स्वभाव, प्रकृतिप्रेम र निरन्तर हिँड्न सक्ने क्षमताको प्रशंसा गर्दै भन्नुभयो । "उसको ऊर्जा र सकारात्मक सोचले यात्रालाई अझ सहज र रमाइलो बनायो । हामीलाई सात वर्षको बालकसँग यात्रा गरेका छौं भन्ने आभास उसले दिएनन्, कत्ति थाकेनन्, रमाइलो कुराकानी गर्दै अघि बढ्यौं ।"

उनका बुबा सुखिन्दरदिप सिंहका अनुसार छोराको यो सफलताको पछाडि कडा अनुशासन, नियमित शारीरिक व्यायाम र सन्तुलित आहारको ठूलो भूमिका छ । सुखिन्दर दिप हाल मेडिकल एडमिनिस्ट्रेटिभ क्षेत्रमा कार्यरत हुनुहुन्छ भने आमा स्त्री तथा प्रसूति रोग विशेषज्ञ रहनुभएको छ ।

तेगबीरको यो पहिलो साहसिक यात्रा भने होइन । यसअघि नै उनले अफ्रिकाको माउन्ट किलिमन्जारो र युरोपको माउन्ट एल्ब्रसको सफल आरोहण गरिसकेका छन् । सानै उमेरदेखि विश्वका चर्चित हिमाली गन्तव्यहरूमा उल्लेखनीय उपलब्धि हासिल गर्दै आएका उनले सन् २०२४ मा पाँच वर्षको उमेरमा उनले करिब १० दिनको ट्रेक पूरा गर्दै पाँच हजार ३६४ मिटर उचाइमा रहेको 'एभरेष्ट बेस क्याम्प' पुगेका थिए ।

सोही वर्ष उनले अफ्रिकाको सबैभन्दा अग्लो शिखर 'माउन्ट किलिमन्जारो' पनि आरोहण गर्दै एसियाकै कान्छो आरोहीमध्ये एक बन्न सफल भए । त्यसपछि छ वर्ष सात महिनाको उमेरमा उनले युरोपको 'माउन्ट एल्ब्रस' चढे भने सात वर्ष छ महिनामा नेपालकै चर्चित अन्नपूर्ण राउन्डअन्तर्गत पर्ने पाँच हजार ४१६ मिटर उचाइको थोरङलापास पार गर्दै संसारकै सबैभन्दा कान्छोमध्ये एकको कीर्तिमान कायम गरे ।

सन् २०१८ सेप्टेम्बर २४ मा जन्मिएका तेगबीरले सानो उमेरमै अन्तरराष्ट्रिय स्तरको उदीयमान पर्वतारोही, पदयात्रीका रूपमा स्थापित गर्न सफल भए । "हामीले उसलाई कहिल्यै रेकर्डका लागि दबाब दिएनौं," पिता सिंह भन्नुहुन्छ "केही कुरा रेकर्डभन्दा पहिला आफ्नो रुचि र आत्मविश्वाससँग जोडिन्छ । उसले आफ्नो रुचिलाई साहस र सफलतामा बदल्यो, यसैमा हामी खुसी छौं," उहाँ भन्नुहुन्छ, "आत्मविश्वास भए असम्भव भन्ने केही रहेनछ भन्ने पुष्टि तेगबीरले गरेको छ ।"

नेपालको प्राकृतिक सुन्दरता र यहाँको आतिथ्यताले पनि निकै प्रभावित पारेको उहाँको भनाइ छ । "नेपाल थोरै खर्चमा अद्भुत आनन्द लिन सकिने ठाउँ रहेछ," तेगबीरका बुबाले अनुभव सुनाउनुभयो । "समुद्र सतहदेखि विश्वको अग्लो हिमालसम्मको दृश्यलाई छोटो समयमै कैद गर्न सकिने सुन्दरता विश्वमा सायदै पाइन्छ ।" उहाँले यात्राका क्रममा नेपालीको सहयोगी भावनाको पनि खुलेर प्रशंसा गर्नुभयो, "मेरो छोराले निकै ढिलो खाना खान्छ तर होटलका मानिसहरूले पटक-पटक खाना तताएर मुस्कुराउँदै ल्याएर दिन्थे । हामीले तिरेको पैसाभन्दा उनीहरूको सेवा र व्यवहार धेरै माथि पार्यौं ।"

कक्षा ३ मा अध्ययनरत तेगबीरको हिमाल पदयात्रामा देखाएको उत्साह र क्षमता हेर्दा भविष्यमा अझ ठूला साहसिक यात्रातर्फ अघि बढ्ने बुबा बताउनुहुन्छ । नेपालमा नेपाल सरकारले १६ वर्षमुनिका बालबालिकालाई पर्वतारोहण अनुमति नदिने व्यवस्था भएका कारण उसले १६ वर्ष नपुग्दासम्म सगरमाथा जस्ता हिमाल मात्र होइन, कुनै पनि शिखर आरोहण गर्नबाट उनी वञ्चित हुने भन्दै अरू देशमा विकल्प खोज्न बाध्य बनाएको बताउनुभयो ।

उमेर सीमामा केही लचकता अपनाउनुपर्ने सुझाव उहाँको छ ।रासस


## कर्मचारी आवश्यक्ता सम्बन्धि सूचना

(**मिति २०८३/०१/१४ गतेको राष्ट्रिय पत्रिका नेपाल समाचारपत्रमा प्रकाशित सूचना बमोजिम**)

यस सहकारी संस्थाको लागि तपसिलमा उल्लेख भए अनुसारको कर्मचारीहरुको आवश्यक्ता भएको हुँदा ईच्छुक योग्य उम्मेदवारहरुले यहि मिति २०८३ बैशाख १४ गते देखि मिति २०८३ बैशाख २९ गते सम्ममा राजश्रीको प्रधान कार्यालय मलंगवा लगायत राजश्री प्र.का. मातहतका सबै सेवाकेन्द्रहरुमा कार्यालय समय भित्र सम्पर्क गरि दरखास्त दिनहुन आव्हान गरिन्छ ।


तपसिल

**विज्ञापन नं. ०१/०८२/०८३**
**पद** :- कम्प्युटर अपरेटर
**तह** :- सहायक तृतीय
**पद संख्या** :- ३० जना
**किसिम** :- स्थायी
**शैक्षिक योग्यता** :- मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ वा सो सरहको परिक्षा उतीर्ण भएको हुनु पर्नेछ । नेपाल बाहिरको शैक्षिक संस्थाबाट प्राप्त प्रमाणपत्रको हकमा समकक्षताको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
**कम्प्युटरको तालिम** :- मान्यता प्राप्त कम्प्युटर प्रशिक्षण केन्द्रबाट कम्तिमा ६ महिने तालिम पुरा गरेको हुनुपर्नेछ ।
**अनुभव** :- समान स्तरको संस्था वा अन्य वित्तिय संस्थामा काम गरेको अनुभव भएकोलाई विशेष प्र(थमिकता दिईने छ ।
**धनजमानी** :- सिफरिस भएका उम्मेदवारले संस्थाको नियमानुसार धितो धनजमानी राख्नु पर्नेछ ।
**उमेर** :- १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।
**नोट**:-
१) मांग अनुसार रित नपुगेको निवेदकलाई परिक्षामा सहभागि गराईने छैन ।
२) कर्मचारीहरुको सेवा, शर्त, तलब तथा अन्य सुविधाहरु यस संस्थाको नियमानुसार हुनेछ ।
३) **परिक्षा किसिम :-**
क) लिखित परिक्षा :- मिति २०८३/०२/०९ गते शनिवार
ख) प्रयोगात्मक/मौखिक :- सूचना टाँस गरि जानकारी गराईनेछ ।
४) **फारम दस्तुर :-** १,१००/- (अक्षेरेपि रु. एकहजार एकसय मात्र)
५) अन्य जानकारीको लागि राजश्री प्र.का. लगायत मातहतका सबै सेवाकेन्द्रहरुमा सम्पर्क गर्नहुन ।

**राजश्री सेविंग्स एण्ड क्रेडिट को-ऑपरेटिभ सोसाईटी लि.**
**प्रधान कार्यालय मलंगवा, सर्लाही**

**सम्पर्क नं.: ०४६-५२११३३ ईमेल : rajshreecop2052@yahoo.co.in**

**सेवाकेन्द्रहरुको सम्पर्क नं. क्रमशः**
लालबन्दी, सर्लाही- ०४६-५०१२२७ / बरहथवा, सर्लाही- ०४६-५४००२८
ईश्वरपुर, सर्लाही- ०४६-५७५१३३ / जनकपुर, धनुषा- ०४१-५२३३७८
जलेश्वर, महोत्तरी- ०४४-५२०८७४ / गौर, रौतहट- ०५५-५२११०३
गरुडा, रौतहट- ०५५-५६५०५३ / मिर्चैया, सिरहा- ०३३-५५०३५६
लहान, सिरहा- ०३३-५६५०५३ / ईटहरी, सुनसरी- ०२५-५८६४५१
ईनरुवा, सुनसरी- ०२५-५६५८७३ / विराटनगर, मोरङ्ग- ०२१-५१६५८३
वीरगंज, पर्सा- ०५१-५३१६७३ / सिनामंगल, काठमाण्डौं- ०१-४५८७५३३



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

**सम्पादकीय**

# सरकारको ३० दिन सकारात्मक

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का वरिष्ठ नेता बालेन्द्र साह(बालेन)को नेतृत्वमा सरकार गठन भएको ३० दिन पूरा भएको छ । नयाँ सरकारको कामकाजको मूल्यांकन गर्न सय दिन कट्नु पर्छ । एक सय दिनलाई सरकारको हनिमुन पिरियड भनिन्छ । सय दिनमा सरकारले आन्तरिक तयारी गरेर आफ्ना नीति तथा कार्यक्रम घोषणा गर्छ । तर बालेन प्रधानमन्त्री भए लगत्तै तिथि तोकेरै सय वटा कार्यक्रम सार्वजनिक गरेका थिए । त्यसमध्ये कयौं कार्यक्रमहरु कार्यान्वयनमा आइसकेको छ । सरकारको ३० दिनको कार्यक्रमको मूल्यांकन गर्नु हतार नै हुनेछ । तर सरकारले ३० दिन भित्र गरेको काम मूल्यांकन गर्न लायकको छ । विगतका सरकारहरुले तीस दिन खादा र माला लगाउनमै बिताउथे । दिनभरि भेटघाट चलिरहन्थ्यो । कहिल्यै नटुंगिने परम्परागत उद्देश्यहीन बैठकहरु गरिरहन्थे । प्रधानमन्त्री सिंहदरबारको भन्दा बालुवाटारलाई नै प्राथमिकतामा राखेर काम गर्थे । बालुवाटारमा बसेर शासन चलाउन उनीहरुले बढी कर्म्फटेबल फिल गर्थे । प्रधानमन्त्री बालेनले त्यसमा आमूल परिवर्तन गरेका छन् । उनी बिहान नौ बजेदेखि अबेर रातिसम्म सिंहदरबारस्थित कार्यालयबाट नै काम गर्छन् । सिंहदरबारमा हुने भीडमा निकै कमी आएको छ । हुन त अहिले कुनै पनि कामका लागि मन्त्री भेट्न आवश्यक छैन । सरकारले सर्वसाधारणको सुविधाका लागि अनलाइन मार्फत नै समस्या सम्बन्धित मन्त्रालयमा पठाउनु पर्ने र त्यहाँबाट नै सम्बोधन हुने व्यवस्था गरेको छ । सरकारले महिनामा अब दुई पटक कर्मचारीहरुलाई तलब उपलब्ध गराउने व्यवस्था गरेको छ । १५ दिनमा आधी र अर्को १५ दिनमा आधी तलब सरकारले दिने भएको छ । यस अघि ३० दिनको तलब एकै पटक मिल्ने गर्थ्यो । सरकारले निजामती कर्मचारीहरुको तलब १५ दिनमा नै उपलब्ध गराए पनि शिक्षक लगायतका अन्य निकायहरुले पाउने तलब सुविधा व्यवस्थित हुन सकेको छैन । वर्षौंदेखि मन्त्रालय, विभाग लगायतमा रहँदै आएका सहसचिवहरुलाई सरकारले प्रदेश तर्फ पठाएको छ । सरकारले सबै सार्वजनिक पद धारण गरेका, सरकारको स्वामित्व रहेको संघसंस्था, कर्मचारी, राजनीतिक नियुक्ति, जनप्रतिनिधिहरु, न्यायाधिश, संवैधानिक नियुक्ति पाएकाहरुको सम्पत्ति छानबिन गर्न सरकारले गठन गरेको छानबिन समितिले कार्य प्रारम्भ गरिसकेको छ । कयौं ठूला भ्रष्टाचारको फाइलहरु खोलिएको छ । देशका ठूला औद्योगिक घराना, उच्चपदस्थ कर्मचारी, विचौलियाहरुलाई कारबाहीको दायरामा ल्याइएको छ । सरकारको यी र यस्ता कयौं कार्यहरु सकारात्मक छ । तर सरकारले निजी क्षेत्रका सञ्चारमाध्यमहरुको विज्ञापन रोकेर गैरलोकतान्त्रिक कार्य गरेको छ । देशमा लोकतान्त्रिक पद्धतिलाई संस्थागत गर्न निजी क्षेत्रको सञ्चार माध्यम अत्यावश्यक छ । सरकारले सञ्चार सम्बन्धी निर्णयलाई सच्याउन आवश्यक छ ।

# कर्मचारीतन्त्र राजनीतिकरण भयो भन्ने, अनि सिधै सचिवमा 'छड्के' नियुक्ति दिन खोज्ने ?

संविधान जारी भएको १० वर्षसम्म संघीय निजामती सेवा ऐन पास गर्न नसक्नुले सबभन्दा धेरै संघीय सुशासनमा असर परेको छ । यो ढिलाइको दोष प्रदेश र स्थानीय सरकारलाई दिइए पनि यसमा केन्द्र सरकारको एकाधिकार झल्किन्छ, जुन ठिक होइन ।

हुन त यसअघिको सरकारले पनि निजामती सेवा ऐनमा काम गरेको थियो। लामो छलफल, संशोधन र राष्ट्रियसभाले समेत पास गरेर आइसकेको विधेयकलाई प्रतिनिधिसभाले पास गर्न मात्र बाँकी थियो। त्यही क्रममा संसद विघटन भयो ।

अहिलेको सरकारले फेरि विधेयकको नयाँ मस्यौदा ल्याएको छ र सात दिनभित्र सुझाव दिनू भनेर सार्वजनिक पनि गरेको छ। यो सरकारबाट भएको एउटा प्रशंसायोग्य काम हो । राम्रो अभ्यास पनि हो। कानुन निर्माणमा सर्वसाधारण, विषयविज्ञ लगायतले सुझाव दिन पाउनु र सामूहिक छलफल गर्दै विधेयक तर्जुमा र कानुन निर्माण हुनु निकै सकारात्मक कुरा हो ।

यो लेखमा म प्रस्तावित निजामती सेवा विधेयकमा गरिएका नयाँ व्यवस्थाको सकारात्मक र नकारात्मक पक्षबारे चर्चा गर्नेछु ।

सबभन्दा पहिला सकारात्मक पक्षको कुरा गरौं ।

पहिलो, प्रस्तावित मस्यौदाले एउटा प्रशासनिक बोर्डको परिकल्पना गरेको छ । बोर्डले राजपत्रांकित द्वितीय श्रेणी (उपसचिव) सम्मको सरूवा, उनीहरूको वृत्ति-विकास र गुनासा सुन्नेदेखि कारबाही सिफारिसको कामसमेत गर्छ। कसैलाई सरूवा गर्नुपर्‍यो भने त्यसका लागि बोर्डको सिफारिस चाहिने व्यवस्था पनि गरिएको छ । कसैले आफूलाई मर्का पर्‍यो भनेर त्यहाँ उजुरी दिन पाउँछ ।

प्रशासनिक बोर्डको यस्तै प्रावधान भारतमा छ । त्यहाँ मुख्य सचिवले बोर्डको नेतृत्व गर्छन्। भारतको त्यही व्यवस्था यहाँ पनि अभ्यास गर्न खोजिएको छ ।

यो बोर्डमा मुख्यसचिव अध्यक्ष र सामान्य प्रशासनदेखि अन्य विभिन्न मन्त्रालयका सचिवहरू सदस्य रहनेछन् । यस्तो बोर्डले काम गर्दा गल्तीको गुञ्जायस कम हुन्छ भन्ने मलाई लाग्छ ।

दोस्रो, कार्यालय प्रमुख/विभागीय प्रमुख लगायत प्रशासनिक नेतृत्वका पदहरूमा योग्यता र क्षमता मूल्यांकन गरेर खटाउने भनिएको छ। यो राम्रै प्रबन्ध हो। तर व्यवहारिक रूपमा त्यति सजिलो छैन ।

भर्खरै लोकसेवा पास गरेर आएका कर्मचारीको कार्यक्षमता र योग्यता कसरी मापन गर्ने? कर्मचारीको योग्यता र क्षमता मूल्यांकनका सूचक कसरी बनाउने? यसमा स्पष्ट हुन आवश्यक छ। यसका लागि आवश्यक पर्ने सूचकहरू नियमावलीमा राख्न सकिन्छ ।

तेस्रो, बढुवा प्रणालीमा वर्गीकृत क्षेत्रमा काम गर्नुपर्ने व्यवस्था गरिएको छ। दुई वर्षपछि लागू हुने भनिएको यो व्यवस्थाका लागि वर्गीकृत क्षेत्र क, ख, ग, घ भनेर छुट्याइएको छ। यसमा अत्यन्त दुर्गमदेखि सुविधासम्पन्न क्षेत्रसम्म पर्छन् ।

दुर्गम क्षेत्रमा काम गर्ने कर्मचारीलाई केही समयपछि बढुवामा प्राथमिकता दिने प्रावधान सकारात्मक छ। यसले कर्मचारीहरू काठमाण्डुमै सीमित रहने प्रवृत्ति घटाउनुका साथै बाहिरी जिल्लामा काम गर्न प्रेरित गर्नेछ। अहिलेजस्तो बाहिर नजाने प्रवृत्तिमा पनि नियन्त्रण आउनेछ। उपसचिवसम्मका कर्मचारीलाई विभिन्न ठाउँको अनुभव दिलाउने हिसाबले यो राम्रो व्यवस्था हो ।

चौथो, जिल्लास्तरीय सेवा प्रवाह गर्ने कार्यालय (सिडिओ, यातायात लगायत) का कर्मचारीको मूल्यांकनमा सेवाग्राहीको प्रतिक्रियालाई पनि आधार मान्ने व्यवस्था गरिएको छ । सुशासनका लागि ३६० डिग्रीको मूल्यांकन गर्नुपर्छ भन्ने मान्यतासँग यो मेल खान्छ ।

यो मान्यतामा कुनै पनि कर्मचारीको मूल्यांकन उसको हाकिमले मात्र गर्दैन । सँगसँगै काम गर्ने सहकर्मी, मातहतका कर्मचारी र सेवाग्राहीहरूको प्रतिक्रियालाई पनि उत्तिकै महत्त्व दिइन्छ । अहिले प्रस्तावित मस्यौदामा सेवाग्राहीको प्रतिक्रिया हेरेर मूल्यांकन गर्ने भनिएको छ । तर यो मूल्यांकन कसरी गर्ने भनेर प्रस्ट पारिएको छैन । यसलाई विधेयकले नै प्रस्ट पार्न सकिन्छ वा नियमावलीमा उल्लेख भएर आए पनि हुन्छ ।

सामान्यतया यसका लागि संस्थाभित्रै एउटा समिति बनाएर मूल्यांकन गरिन्छ । त्यसलाई नागरिक परामर्श समिति, नागरिक कचहरी जस्ता नाम दिन सकिन्छ । यसले महिना-पन्ध्र दिनमा समुदायका मान्छेसँग बसेर छलफल गर्न सक्छ । र, त्यही छलफलका आधारमा कर्मचारीको मूल्यांकन गर्न सक्छ ।




पाँचौं, कर्मचारीको अवकाश हुने उमेर ६० वर्ष बनाइएको छ र अवकाशपछि दुई वर्षको कुलिङ पिरियड राखिएको छ ।

आजसम्म कर्मचारीको अवकाश उमेर ५८ वर्ष थियो। उमेर हद बढाउन जरूरी मात्र होइन, ढिलो भइसकेको थियो। यसलाई दुई वर्ष बढाएर ६० पुर्‍याउनु सकारात्मक पक्ष हो ।

त्यस्तै, अवकाशपछि अन्य संवैधानिक पदहरूमा जान दुई वर्षको कुलिङ पिरियड राख्नु पनि सकारात्मक नै हो । पहिले पनि यस्तो कुलिङ पिरियड राख्नुपर्छ भनिएकै थियो ।

अब हामी यो मस्यौदामा मलाई नराम्रो लागेका पक्षबारे कुरा गरौं ।

पहिलो, मलाई सबभन्दा बढी खतरनाक लागेको निजामती सेवाअन्तर्गत कार्यकारी वा विशेषज्ञताको पद (सचिव वा विशेषज्ञता हासिल गरेको प्रथम श्रेणीको पद) मा छड्के प्रवेशको प्रावधान हो । यस्तो प्रावधानले हाम्रो 'ब्युरोक्रेसी' लाई खाइदिन्छ ।

यो जस्ताको तस्तै पास भयो भने सरकारले सडकबाट टिपेर सचिव बनाइदिनसक्छ। यसरी त हुँदैन । छड्के ल्याउने हो भने पनि लोकसेवा पास गरेर आउनुपर्ने व्यवस्था गर्नु एउटा कुरा, तर तजबिजका आधारमा सिधै नियुक्ति दिँदा ब्युरोक्रेसी सकिन्छ ।

अहिले पनि केही सहसचिव पदमा लोकसेवा परीक्षा लिएर प्रवेश गराउने व्यवस्था छँदैछ । विभिन्न क्षेत्रमा अनुभव भएका वा प्रतिभाशाली व्यक्तिहरू प्रतिस्पर्धाबाट सिधै यो पदमा आउँछन्। यतिसम्म ठिकै छ । तर सचिव, सहसचिव जस्तो कार्यकारी पदमा सरकारले सिधै नियुक्ति गर्न खोज्नु खतरनाक हो ।

यस्तो व्यवस्था जर्मनी, फ्रान्स र अमेरिकामा छ । तर उनीहरूको परम्परा त्यही हो । त्यहाँ चुनाव जितेको पार्टीले सरकारमा आएपछि दुई तहका पदमा आफै नियुक्ति गर्छ। त्यसपछि तल मात्रै योग्यताका आधारमा नियुक्त भएका कर्मचारी हुन्छन् । उनीहरूकहाँ त्यो ठिकै होला, हामीकहाँ हुँदैन ।

एकातिर कर्मचारीतन्त्र राजनीतिकरण भयो भनेर ट्रेड युनियन हटाउन खोज्ने, अनि अर्कातिर सचिव, सहसचिव स्तरमै राजनीतिक नियुक्ति गर्ने? यो त हुँदै भएन ।

दोस्रो कुरा, कुनै राजनीतिक दलको सदस्यता लिए कर्मचारीलाई भविष्यमा समेत अयोग्य हुने गरी हटाउने व्यवस्था गर्नु कुनै हालतमा नपच्ने कुरा भयो ।

कर्मचारीले राजनीतिक दलको सदस्यता वा आबद्धता लिन नपाउने त पहिलेकै कानुनमा थियो। त्यो कडाइका साथ लागू गरे भइहाल्थ्यो । तर त्यसमा एक कदम अघि बढेर भविष्यमा समेत अयोग्य भन्नु त चाहिनेभन्दा बढी हो । पञ्चायतकालमा पनि यति कडा व्यवस्था थिएन ।

प्रशासन राजनीतिकरण भयो भनेर सबैले भनेकै छन् । त्यसलाई सच्याउने नाममा तानाशाही हुन चाहिँ भएन ।

तेस्रो, दलीय ट्रेड युनियन नराख्नुस् भनेर म आफैले संसदमा गएर बोलेको छु । तर राजपत्र अनंकित (सुब्बा सरह) कर्मचारीहरूलाई 'कलेक्टिभ बार्गेनिङ' गर्न एउटा युनियन पनि राख्न नदिने भन्नु राम्रो कुरा होइन। कलेक्टिभ बार्गेनिङ, त्यो पनि राजपत्र अनंकित कर्मचारीहरूका लागि संगठन खोल्न पनि नदिनुलाई लोकतान्त्रिक कसरी भन्न सकिन्छ ?

दलीय ट्रेड युनियन खारेज गरेको ठिक छ, तर एउटा आधिकारिक युनियन चाहिन्छ । सिनियर पदका कर्मचारीलाई त्यसमा आबद्ध हुन दिनुपरेन । तर तल्लो तहका कर्मचारीहरूका लागि त्यो नभई हुँदैन ।

चौथो, संघीयताको मामिलामा अहिलेको विधेयक पनि उदार हुन सकेन ।

जस्तो – स्थानीय तहको प्रमुख प्रशासक, प्रदेश सरकारको प्रमुख सचिव लगायतका सचिवहरू पाँच वर्षसम्म संघले नै खटाउने र त्यसपछि उनीहरूले आफै नियुक्त गर्ने व्यवस्था अहिलेको मस्यौदामा छ। पहिलेका सरकार तथा राजनीतिक दलहरूले यस्तो समय १० वर्ष भनेका थिए, अहिले ५ वर्ष भनिएको छ । यसले अझै पनि संघीय सरकारकै कर्मचारीमार्फत प्रदेश र स्थानीय तहलाई नियन्त्रण गर्न खोजेको भान हुन्छ ।

संविधानको धारा २८५ ले तीनै तहका सरकारको आफ्नै सार्वजनिक सेवा हुन्छ भनेर लेखेको छ । अनुसूचीमा प्रदेश र स्थानीय तहका कर्मचारी व्यवस्थापनबारे प्रस्टै भनिएको छ। त्यस आधारमा केन्द्रले त समन्वयसम्म गर्ने हो, आफ्ना कर्मचारीलाई नै हाकिम राखेर प्रदेश र स्थानीय तह नियन्त्रण गर्न खोज्ने होइन। यो संघीयताको मान्यता विपरीत हुन्छ ।

पाँचौं, अहिले पुरूषलाई ३५ वर्ष र महिलालाई ४० वर्ष उमेरसम्म निजामती सेवामा प्रवेश गर्न पाउने हद तोकिएको छ। अहिलेको सरकारले यसलाई घटाएर पुरूषका हकमा ३२ र महिलाका हकमा ३५ गर्ने भनेको छ। यो व्यवस्था दुई वर्षपछि लागू गर्ने भनियो भने एउटा कुरा, नभए त यसले अहिले निजामती सेवामा जाने तयारी गरिरहेका हजारौं युवायुवतीलाई असर गर्छ ।

छैठौं, यो विधेयकको मस्यौदामा मैले अर्को विषय पनि समेटिन्छ कि भन्ने अपेक्षा गरेको थिएँ । त्यो हो – जनताप्रति उत्तरदायी कर्मचारीतन्त्र। तर विधेयकले कानुनको सिद्धान्तममा मात्र यो विषय लेख्यो। तर कानुनी व्यवस्थाहरूमा सेवा प्रवाह गर्ने ठाउँका कर्मचारीको मूल्यांकन गर्दा सेवाग्राहीको प्रतिक्रिया पनि हेर्नेबाहेक अरू केही प्रबन्ध गरिएको छैन। त्यतिले पुग्दैन भन्ने मलाई लाग्छ ।

जनताप्रति उत्तरदायी निजामती सेवा बनाउन संस्थागत र प्रक्रियामै सेवाग्राहीको प्रतिनिधित्व हुनुपर्छ भन्ने मान्यता छ। केही मुलुकमा यसको अभ्यास पनि भइरहेको छ। यस्तो व्यवस्थामा नागरिक सिनेट, नागरिक कचहरी, नागरिक परामर्श समिति; जे नाम दिए पनि तिनीहरू संस्थामै संलग्न हुन्छन् र निरन्तर जाँच-पड्ताल र सुझावहरू दिन्छन् ।

सातौं, जनउत्तरदायी निजामती सेवा बनाउन एउटा कर्मचारीको उत्तरदायित्व कहाँ हुन्छ भन्ने पनि स्पष्ट गर्नुपर्छ ।

जस्तो – कुनै एक कर्मचारी सचिवप्रति कति उत्तरदायी हुन्छ? मन्त्रीप्रति कति हुन्छ? प्रधानमन्त्रीप्रति कति हुन्छ? अख्तियारजस्ता संवैधानिक निकायप्रति कति हुन्छ? सांसदप्रति कति हुन्छ? जनता, कानुन र संविधानप्रति कति उत्तरदायी हुन्छ? यी सबै कुरा स्पष्ट गरिदिएको भए राम्रो हुन्थ्यो ।

यी उत्तरदायित्व बाझिए कसले भनेको मान्ने भन्ने पनि स्पष्ट गरिदिएको भए हुन्थ्यो । यसले कर्मचारीलाई काम गर्न र डेलिभरी दिन सहज हुन्थ्यो ।

अहिले त कर्मचारीलाई हदैसम्म अन्योलमा राखिएको छ। मन्त्रीले दिएको निर्देशन एउटा हुन्छ, संसदले दिएको अर्को। कानुनमा एउटा हुन्छ, संविधानमा अर्को । कर्मचारीले कसको मान्ने? म यसमा दुईवटा उदाहरण दिन्छु ।

एकपटक तत्कालीन जलस्रोत सचिव राजेन्द्र क्षत्रीलाई संसदीय समितिले बोलाएर एउटा आदेश दियो ।

राजेन्द्र क्षेत्रीले भने, 'म तपाईंहरूले भनेको मान्दिनँ। मलाई अख्तियारले अर्को आदेश दिएको छ। अब मैले कसको आदेश मान्ने ? तपाईंहरू मलाई केही गर्न सक्नुहुन्न, अख्तियारले उसको आदेश नमाने थुन्छ । त्यसैले म तपाईंहरूले भनेको मान्दिनँ ।

अर्को उदाहरण, म आफै लोकसेवा आयोगको अध्यक्ष हुँदा एकपटक संसदीय समितिले कुनै काम गर्नुपर्‍यो भनेर निर्देशन दिएको थियो। मैले पनि झगडा गरेर मान्दिनँ भनेर आएँ ।

मैले भनेँ, 'संविधानले आयोगलाई दिएको ड्युटी छ – मेरिट टेस्टिङको। त्यसमा सम्झौता गरेर यो जाँच लिनू, ऊ जाँच लिनू भन्न तपाईंहरू पाउनुहुन्न। बरू मलाई महाअभियोग लगाउने तपाईंको अधिकार छ ।'

यस्ता उदाहरण हामीकहाँ धेरै छन् ।

उत्तरदायित्वको कानुन स्पष्ट भएको भए कर्मचारी संगठन गरिमायुक्त हुन्थ्यो । कसैले गलत प्रयोग गर्न पाउँदैनथ्यो ।

प्रस्तावित विधेयकको मस्यौदामा मैले देखेका यस्ता कमी-कमजोरी सच्याउन सकिन्छ भन्ने मलाई लाग्छ । सेतोपाटीडटकमबाट साभार गरिएको छ ।

(लोकसेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनालीसँग सेतोपाटीका शोभा शर्माले गरेको कुराकानीमा आधारित।)

# राष्ट्रिय पुस्तक नीतिको अपरिहार्यता



महेन्द्रप्रकाश सिवाकोटी

पुस्तक कुनै पनि राष्ट्रको बौद्धिक, शैक्षिक, सांस्कृतिक र सामाजिक विकासको आधार हो । ज्ञान, सूचना, अनुसन्धान, सिर्जना र सभ्यताको संरक्षणमा पुस्तकको महत्वपूर्ण भूमिका हुन्छ । नेपालमा पुस्तक क्षेत्र अझै व्यवस्थित हुन सकेको छैन । लेखकका हकअधिकार, प्रकाशनको गुणस्तर, वितरण प्रणाली, पुस्तकालयको अवस्था तथा पाठक विस्तारका क्षेत्रमा चुनौती छन् । पुस्तक क्षेत्रलाई व्यवस्थित, समृद्ध र प्रभावकारी बनाउन पुस्तक नीतिको आवश्यकता पर्दछ । पुस्तक नीतिले पुस्तक लेखन, प्रकाशन, वितरण, अध्ययन संस्कृतिको विकास तथा पुस्तकालय व्यवस्थापनका लागि राज्यले तय गर्ने स्पष्ट योजना र मार्गदर्शनलाई बुझाउँछ । नेपालजस्तो बहुभाषिक र बहुसांस्कृतिक देशमा नेपाली भाषासँगै मातृभाषाका पुस्तक प्रकाशनलाई प्रोत्साहन दिन पनि पुस्तक नीति आवश्यक छ । यसले भाषा, साहित्य र संस्कृतिको संरक्षण गर्नुको साथै लोपोन्मुख भाषा र संस्कृतिको संरक्षणमा योगदान पुर्‍याउँछ ।

हरेक वर्ष अप्रिल २३ मा मनाइने विश्व पुस्तक दिवसले पनि विश्वभर पुस्तकको महत्व उजागर गर्न, पढ्ने बानीको विकास गर्न र लेखक तथा साहित्यकारलाई सम्मान गर्न खोजेको छ । सन् १९९५ मा युनेस्कोले यो दिवसको घोषणा गरेसँगै विश्वमा पुस्तक ज्ञानको प्रमुख स्रोत हो, यसले सोच्ने क्षमता र सिर्जनशीलता बढाउँछ एवं संस्कार, शिक्षा र सभ्यताको विकासमा पुस्तकको ठूलो भूमिका हुन्छ भन्ने तथ्यलाई आत्मसात् गरेको छ । नयाँ पुस्तामा पठन संस्कृतिको विकास गर्न पुस्तक नीति आवश्यक छ । आजकल 'डिजिटल' माध्यमको विस्तारसँगै पुस्तक पढ्ने बानी घट्दै गएको चिन्ता छ ।

नेपालका लागि अत्यावश्यक राष्ट्रिय पुस्तक नीति बनाउने प्रक्रियाको सुरुआत २०६५ सालबाट भएको थियो तर विभिन्न अवरोध र चुनौतीको कारण त्यो समयमा काम अघि बढ्न सकेन । २०६९ सालमा पुनः राष्ट्रिय पुस्तक नीति मस्यौदा कार्यदल गठन गरेर यस विषयमा थप गम्भीरता अपनाइएको थियो । त्यो कार्यदलले राष्ट्रिय पुस्तक नीति २०६९ को मस्यौदा तयार गरी तत्कालीन शिक्षामन्त्रीलाई बुझाएको थियो, जसमा पुस्तकहरूको गुणस्तर, वितरण, पहुँच र अन्य महत्वपूर्ण पक्षहरूलाई ध्यानमा राखिएको थियो । यसले नेपालको शिक्षा क्षेत्रको सुधार र पुस्तक बजारको व्यवस्थित विकासका लागि एउटा मजबुत आधार तयार गर्न प्रयास गरिरहेको थियो । तर, उक्त नीति पनि विभिन्न कारणहरूले गर्दा जारी हुन सकेन ।

नीति बनाउनकै लागि, तेस्रो पटक, २०७२ फागुन ३० गते तत्कालीन शिक्षामन्त्रीको अध्यक्षतामा राष्ट्रिय पुस्तक नीति मस्यौदा तर्जुमा कार्यदल गठन गरियो । यो कार्यदलले काम गरिरहेको अवस्थामा पुस्तक माफियाहरूको कारण कार्यदललाई काम गर्न दिइएन । त्यसपछि, राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदा निर्माणका क्रममा पुस्तक तथा शिक्षा क्षेत्रका दर्जनौं सङ्घसंस्था, दुई सयभन्दा बढी शिक्षा क्षेत्रका बुद्धिजीवीहरूको संलग्नतामा नौ महिनाको गहन अध्ययन, सल्लाह र सुझाव लिएर पुस्तक नीति २०७३ को प्रारुप तयार गरिएको थियो । सो पुस्तक नीतिको प्रारुप तयार भएपछि, फेरि पनि देशैभरिबाट शिक्षा तथा पुस्तक क्षेत्रमा संलग्न व्यक्तित्वहरूबाट सुझाव मागिएको थियो र सो सुझावहरूलाई समेत उक्त दस्तावेजमा समावेश गरी राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदा तयार पारिएको थियो ।

झन्डै १० वर्षअघि राष्ट्रिय पुस्तक नीतिको मस्यौदा बने पनि त्यसलाई पारित गरी कार्यान्वयनमा ल्याउन नदिँदा अहिलेसम्म राज्यको महत्वपूर्ण क्षेत्र नीतिविहीन बन्न पुगेको छ । आजको डिजिटल युगमा पनि पुस्तकको महत्व उत्तिकै छ । त्यसैले नियमित रूपमा पुस्तक पढ्ने बानी बसाल्नु आवश्यक छ । विश्वका कतिपय देशहरूले डिजिटलको अलावा पुस्तकको माध्यमबाट अध्ययन अध्यापन गराउने अभ्यासलाई जोड दिन थालेका छन् । पुस्तकको महत्वलाई धेरै देशहरूमा नीतिगत व्यवस्था गरी लेखक, पाठक र प्रकाशकहरूको साझा भूमिकामा जोड दिइएको पाइन्छ ।

संयुक्त राष्ट्रसङ्घीय निकाय, युनेस्कोले सन् १९७२ मा विश्वका १९३ मुलुकमा राष्ट्रिय पुस्तक नीति लागू गर्दा नेपालमा पनि राष्ट्रिय पुस्तक नीति लागू गर्न खोजिएको थियो । पुस्तक नीतिका सन्दर्भमा, युनेस्कोले निर्देश गरेका ज्ञानको स्वतन्त्र र निर्बाध प्रवाहलगायत अवधारणाप्रति भने नेपालले औपचारिक सहमति जनाइसकेको अवस्था पनि छ तर, नेपालका शिक्षा क्षेत्रका माफियाहरूकै चलखेलले गर्दा हालसम्म उक्त पुस्तक नीति नेपालमा लागू गर्न सकिएको छैन । राष्ट्रिय पुस्तक नीतिले समग्र मुलुकको शिक्षा प्रणालीलाई सशक्त र संरचित बनाउने उद्देश्य राख्दछ । यदि यसलाई समयमै प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सकियो भने नेपालको पुस्तक बजार र शिक्षा प्रणालीमा अत्यन्त सकारात्मक सुधार ल्याउन सकिनेछ ।


राष्ट्रिय पुस्तक नीति जारी नगर्नु भनेको वास्तवमै देशको शैक्षिक, सांस्कृतिक र व्यावहारिक ज्ञान तथा आउँदा पुस्ताहरूको भविष्यमाथि गम्भीर प्रहार गर्नु हो । यस्तो कार्यले पुस्तक उद्योगलाई पूर्णतया नियन्त्रण गर्ने माफिया समूहको आर्थिक प्रभुत्व झन् बलियो बनाउनेछ, जसले शिक्षाको गुणस्तरमा गम्भीर गिरावट ल्याउने खतरा पैदा गर्दछ । वास्तवमा पुस्तक नीतिले शिक्षा क्षेत्रमा पारदर्शिता, पहुँच र गुणस्तर सुनिश्चित गर्दै स्थानीय प्रकाशन उद्योगलाई बलियो बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्नुपर्छ । शिक्षाको गुणस्तर, पाठ्यक्रम सामग्रीको उपलब्धता, र प्रकाशन उद्योगको दीर्घकालीन समृद्धि सुनिश्चित गर्न, राष्ट्रिय पुस्तक नीति २०७३ को निरन्तरता कायम राख्न र यसलाई अझ सशक्त बनाउन सबै पक्ष एकजुट हुन आवश्यक छ । यस नीतिको प्रभावकारी कार्यान्वयनले नेपालको शिक्षा प्रणालीलाई गुणस्तरीय र पहुँचयोग्य बनाउने नेपाल पुस्तक सङ्घको ठहर छ ।

मुलुकमा गुणस्तरीय शिक्षा विकास गर्न राष्ट्रिय पुस्तक नीति, रणनीति तथा कार्यनीति बन्न जरुरी हुन्छ । पुस्तकको गुणस्तर वृद्धिको सुनिश्चितता हासिल गर्न, पाठकका रुची र आवश्यकताअनुसारका पुस्तकहरूको उत्पादन, वितरण, भण्डारण तथा पठन संस्कृतिको विकास गर्न पनि नयाँ पुस्तक नीति बन्नु आवश्यक छ । पुस्तकको प्रवर्द्धनलाई व्यवस्थित र चुस्त बनाई, आयात तथा निर्यातलाई व्यवस्थित गर्न र यी सबै क्षेत्रमा आवश्यक व्यावसायिक दक्षता समेत हासिल गर्नका लागि नीतिले मार्गनिर्देश गर्न सक्दछ । खासगरी नयाँ पुस्तामा सामाजिक सञ्जालप्रतिको बढ्दो आकर्षणले गर्दा पुस्तक पठन संस्कृति हराउँदै जान थालेको छ । पुस्तक, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक र विविध पुस्तकहरूलाई परिभाषित गरी मुद्रित, साङ्केतिक, प्रयोगात्मक, डिजिटल वा अनलाइन पुस्तक निर्माणको आधार, लेखक र सम्पादकको योग्यता, पुस्तकको प्राज्ञिक तथा भौतिक गुणस्तरलगायत विषयलाई पनि ध्यान दिनुपर्ने समय आएको छ ।

नेपालको विद्यालयमा शिक्षाको गुणस्तर गिराउने, पुस्तक बजारलाई अस्तव्यस्त बनाउने र राष्ट्रिय ढुकुटी के-कसरी ब्रह्मलुट गर्न सकिन्छ भन्ने योजनाकार तथा माफियाहरूको गतिविधि गम्भीर चिन्ताको विषय बनिसकेको छ । कसैले थाहा नै नपाउने गरी विस्तारै बहुपाठ्यपुस्तक लागू गर्ने अनि सरकारी विद्यालयका पाठ्यपुस्तकहरू समेत अभिभावकहरूलाई खरिद गर्न लगाउने र जनक शिक्षा सामग्री जस्ता संस्थालाई सदाका लागि बन्द गराउन खोज्नुले कसैलाई फाइदा पुग्दैन । शिक्षा क्षेत्रको गिरावट र पुस्तक बजारको अस्तव्यस्तता कुनै पनि राष्ट्रको भविष्यमा दीर्घकालीन प्रभाव पार्न सक्छ । यसका कारण, शिक्षामा गुणस्तरको कमी मात्र होइन, जनताको अधिकारको पनि उल्लङ्घन हो । राष्ट्रिय पुस्तक नीति २०७३ को मस्यौदामा पनि केही परिमार्जनहरू गर्न सकिन्छ । पुस्तक नीति केवल प्रकाशन क्षेत्रको नीति होइन, यो राष्ट्रको ज्ञान, चेतना र सभ्यताको भविष्यसँग जोडिएको विषय भएकाले समृद्ध समाज निर्माणका लागि प्रभावकारी पुस्तक नीति अपरिहार्य छ ।

नेपालका आम जनतालाई शिक्षामा गुणस्तरीयता र पुस्तकको पहुँच सुनिश्चित गर्ने उद्देश्य अनुसार जनताका हक र अधिकारहरूको रक्षा गर्दै, नेपालको पुस्तक बजारलाई व्यवस्थित र पारदर्शी बनाउने मार्गप्रशस्त गर्नुपर्ने समय आएको छ । वर्तमान समयमा ई-बुक, अडियोबुक तथा डिजिटल पुस्तकालयको महत्व बढ्दो छ । अनलाइन प्रकाशन र डिजिटल पुस्तकको व्यवस्थापन गर्ने गरी नीति बन्नु आजको मुख्य आवश्यकता हो । (लेखक नेपाल पुस्तक सङ्घका महासचिव तथा राष्ट्रिय पुस्तक नीति मस्यौदा तर्जुमा कार्यदल सदस्य हुनुहुन्छ)

# ‘स्थानीय तहले उत्पादनमूलक क्षेत्रमा पनि काम थालेका छन्’



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिस्ट पार्टी(नेकपा) का नेता माधव सापकोटाले स्थानीय तहले अनुत्पादक क्षेत्रमा मात्रै लगानी नगर्ने बताउँदै उत्पादनमूलक क्षेत्रमा पनि काम थालेको बताएका छन् ।

काठमाण्डुमा सोमबार आयोजित एक कार्यक्रममा बोल्दै उनले जुगल क्षेत्रमा नयाँ पर्यटकीय गन्तव्यको रूपमा 'जुगल माउण्ट एभरेस्ट भ्यू प्वाइन्ट' पहिचान गरेर जुगल गाउँपालिकाले त्यसलाई प्रमाणित गरेको बताए ।

स्थानीय तहका बजेट प्रायः अनुत्पादक क्षेत्रमा खर्च भइरहेको आलोचना भइरहँदा जुगल गाउँपालिकाले पर्यटन पूर्वाधारमा लगानी गरेर सकारात्मक सन्देश दिएको उनको भनाइ छ । पर्यटकीय क्षेत्रको पहिचानसँगै त्यस क्षेत्रको पूर्वाधार विकासमा पनि ध्यान

**बस्तीसम्म मात्र सडक विस्तार गरेर त्यसपछि पदमार्ग विकास गर्नुपर्ने बताउँदै उनले जुगल ट्रेकमा ३६ करोड रुपैयाँ बराबरको लगानीमा पूर्वाधार बनिसकेको बताए ।**

दिनुपर्नेमा जोड दिँदै उनले बलेफीदेखि तेम्बाथानसम्मको सडक स्तरोन्नती सन्तोषजनक नभएको गुनासो गरे । नेता सापकोटाले जुगल हिमालसम्म सहज पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको बताए ।

उनले भने, 'हाम्रा स्थानीय तहका बजेटहरू अनुत्पादक मुलक क्षेत्रहरूमा लगानी भए भनेर टिप्पणी भइराखेको सन्दर्भमा जुगल गाउँपालिकाले महत्वपूर्ण क्षेत्रमा लगानी गरेको छ यसको समेत म मुक्तकण्ठले प्रशंसा गर्न चाहन्छु । पर्यटन क्षेत्रमा, पर्यटन उद्योगमा लामो व्यावसायिक अनुभव र अभ्यास गर्नुभएका विशिष्ट महानुभावहरूका यहाँ अनुभवहरू आए, सुझावहरू आए, हामी सबैले सुनेका छौं ।'

उनले अघि थप्दै भने, 'मूलतः हामी राजनीतिक व्यक्तिहरूले यहाँ प्रतिवद्धता व्यक्त गर्नुपर्ने कुरा के छ भने बलेफीसम्म अरनिको लोकमार्ग नै छ । बलेफीदेखि बलेफी, ढौंडे, कात्तिके हुँदै तेम्बाथान सम्मको सडक छ, सहायक राष्ट्रिय राजमार्ग, लामो समयदेखि त्यो भनेजस्तो चित्तबुझ्दो ढङ्गले काम भएको छैन ।'

मानव बस्तीभन्दा माथिल्लो क्षेत्रमा प्राकृतिक स्रोत संरक्षणलाई प्राथमिकता दिनुपर्ने सापकोटाको भनाइ थियो । बस्तीसम्म मात्र सडक विस्तार गरेर त्यसपछि पदमार्ग विकास गर्नुपर्ने बताउँदै उनले जुगल ट्रेकमा ३६ करोड रुपैयाँ बराबरको लगानीमा पूर्वाधार बनिसकेको बताए ।

उनले भन, 'हामीले भनेको मानव बस्ती भन्दा तलतिर मात्रै जलविद्युत परियोजनाहरू हुँदाखेरी प्रभावकारी हुन्छ । तर अब अहिले त मानव बस्ती भन्दा माथि पनि गएर जलविद्युत परियोजनाहरूले विस्फोटनका विस्फोट गर्ने, अरु वन फँडानी गर्ने लगायतका विवादहरू पनि अहिले आएका छन् ।'

# सञ्चारमन्त्री डा तिमिल्सिनासँग जापानी राजदूतको शिष्टाचार भेट



काठमाण्डु । नेपालका लागि जापानका राजदूत मायदा तोरुले सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनासँग शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

सोमबार सिंहदरबारस्थित सञ्चार मन्त्रालयमा भएको भेटवार्तामा उहाँहरूबीच नेपाल र जापानको कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पुगेको सन्दर्भमा आपसी सम्बन्ध, साझा हित तथा बहुआयामिक सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा छलफल भएको हो ।

त्यस अवसरमा मन्त्री डा तिमिल्सिनाले नेपाल र जापानबीचको ऐतिहासिक, मैत्रीपूर्ण र विश्वासमा आधारित सम्बन्ध आगामी दिनमा अझ प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो । नेपालले जापानलाई विकास साझेदार मात्र नभई विश्वसनीय मित्र राष्ट्रका रूपमा हेर्दै आएको उल्लेख गर्दै उहाँले बदलिँदो विश्व सन्दर्भमा प्रविधि र नवप्रवर्तनमार्फत सम्बन्धलाई नयाँ उचाइमा लैजान सकिने बताउनुभयो ।

मन्त्री डा तिमिल्सिनाले नेपाल सरकारले सूचना प्रविधि, कृत्रिम बौद्धिकता, साइबर सुरक्षा, दूरसञ्चार सेवा विस्तार तथा डिजिटल सुशासनलाई प्राथमिकतामा राखेर काम गरिरहेको उल्लेख गर्दै सार्वजनिक सेवा प्रवाहलाई छिटो, पारदर्शी र जनमैत्री बनाउन डिजिटल रूपान्तरणलाई राष्ट्रिय प्राथमिकताका रूपमा अघि बढाइएको बताउनुभयो । यी क्षेत्रमा जापानको प्राविधिक सहयोग, लगानी, क्षमता विकास तथा अनुभव आदानप्रदान अत्यन्त उपयोगी हुने उहाँको भनाइ थियो ।

मन्त्री डा तिमिल्सिनाले नेपालमा राजनीतिक स्थिरता कायम भएको र बलियो सरकार बनेकाले क्रमशः लगानीमैत्री वातावरण निर्माण हुँदै गएको स्पष्ट पार्नुभयो । नीतिगत सुधार, कानुनी संरचना सुदृढीकरण तथा प्रशासनिक प्रक्रियाको सरलीकरणमार्फत वैदेशिक लगानीकर्तालाई आकर्षित गर्ने सरकारको योजना रहेकोसमेत उहाँले बताउनुभयो । नेपालले प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन चाहेको उल्लेख गर्दै उहाँले विशेषगरी सूचना प्रविधि, डिजिटल सेवा, ‘क्लाउड’ पूर्वाधार, ‘ई-गभर्नेन्स’ प्रणाली तथा नवप्रवर्तन उद्योगमा लगानी आवश्यक रहेको बताउनुभएको थियो ।

राजदूत तोरुले नेपालमा सूचना प्रविधि क्षेत्रको तीव्र विकासका लागि हुई देशबीच थप सहकार्य गर्न सकिने धारणा राख्नुभएको थियो । उहाँले डिजिटल पूर्वाधार विस्तार, प्राविधिक जनशक्ति विकास, नवप्रवर्तन तथा लगानी प्रवर्द्धनका क्षेत्रमा जापान र नेपालबीच सहकार्यको ठूलो सम्भावना रहेको उल्लेख गर्नुभयो ।

विशेषगरी नेपालका युवाशक्ति र जापानको प्रविधि तथा व्यवस्थापकीय अनुभवलाई जोडेर दुवै देशले पारस्परिक लाभ लिन सक्ने राजदूत तोरुको भनाइ थियो । उहाँले जापानमा करिब तीन लाख नेपाली बसोबास गरिरहेको उल्लेख गर्दै तीमध्ये ठूलो सङ्ख्या सूचना प्रविधि, इन्जिनियरिङ, सेवा तथा प्राविधिक क्षेत्रमा आबद्ध रहेको जानकारी दिनुभयो । जापानमा रहेका नेपाली डायस्पोराको सीप, अनुभव र पुँजीलाई नेपालतर्फ आकर्षित गर्न सके डिजिटल रूपान्तरणको अभियानलाई तीव्रता दिन सकिने धारणा राख्नुभयो । साथै विदेशमा बसेका नेपाली नागरिकलाई केवल श्रमशक्ति मात्र नभई ज्ञान, लगानी र नवप्रवर्तनका साझेदारका रूपमा उपयोग गर्नुपर्नेमा उहाँको जोड थियो ।

राजदूत तोरुले नीतिगत स्थायित्व, प्रशासनिक सहजीकरण र पूर्वाधार विकासलाई थप गति दिन सके जापानी निजी क्षेत्रको चासो नेपालमा अझ बढ्न सक्ने बताउनुभयो । नेपालमा प्रविधि-आधारित उद्योग, सफ्टवेयर विकास, स्टार्टअप इकोसिस्टम तथा डिजिटल सेवा क्षेत्रमा जापानी लगानी आकर्षित गर्न सकिने सम्भावना रहेको भनाइ थियो । रासस

## पार्टी संसदीय दलले राष्ट्रिय आवश्यकताअनुसार सबैलाई मिलाएर लैजान्छ : सभापति थापा



काठमाण्डु । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टी संसदीय दलले राष्ट्रिय आवश्यकताअनुसार सबैलाई मिलाएर लैजाने बताउनुभएको छ ।

सिंहदरबारस्थित पार्टी संसदीय दलको कार्यालयमा सोमबार सञ्चारकर्मीसँगको कुराकानीमा उहाँले पार्टी केन्द्रीय समितिमा रहेका र नरहेकाको पनि सहमतिमा भीष्मराज आङ्देम्बे पार्टी संसदीय दलको नेतामा निर्विरोध निर्वाचित हुनुभएको बताउनुभयो । संसदीय दलको नेताका लागि लोकतान्त्रिक पद्धतिअनुसार निर्वाचनमै जान सकिने भए पनि केन्द्रीय समितिमा रहेका र नरहेका सबैको सहमतिमा धेरैको चाहनाअनुसार सहमतिबाट नेतृत्व छनोट गरिएको सभापति थापाको भना थियो ।

“संसदीय दलको नेता चयनमा समय लागे पनि अन्तिममा सहजतापूर्वक सहमतिबाट नेतृत्व निर्विरोध निर्वाचित भएको छ, यसमा आदरणीय नेता अर्जुननरसिंह केसी र मोहन आचार्यको सहमति छ”, उहाँले भन्नुभयो । रासस

# शिक्षामन्त्री पोखरेलसँग चिनियाँ राजदूतको शिष्टाचार भेटवार्ता



काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलसँग नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा सोमबार भएको भेटमा नेपालको शिक्षा, विज्ञान तथा प्रविधि र खेलकुदसहितको क्षेत्रमा चीन सरकारको सहयोग र सहकार्यबारे कुराकानी भएको थियो ।

विशेषगरी विद्यालयको पूर्वाधार, पठनपाठनमा ‘डिजिटल’ प्रणालीगायत संस्थागत विकास एवं समसामयिक विषयमा कुराकानी भएको थियो । साथै, उहाँहरुबीच नेपाल-चीनबीचको ऐतिहासिक द्विपक्षीय सम्बन्ध, सहयोग र आपसी सहकार्यमा केन्द्रित रहेर छलफल भएको छ ।

नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका शिक्षामन्त्री पोखरेलले विद्यालयको पूर्वाधार विकास, पठनपाठनमा डिजिटल प्रणालीको संस्थागत विकासका साथै चिनियाँ सरकारसँगको साझेदारी र सहकार्य वृद्धि भएको हेर्न चाहेको बताउनुभएको थियो । उहाँले शिक्षा क्षेत्रमा सञ्चालित परियोजना चाँडो सम्पन्न गर्न तथा नेपाली युवाहरुको रुचि अनुसारको चीन सरकारबाट प्राप्त हुने छात्रवृत्ति प्रवर्द्धन गर्ने सम्बन्धमा पनि चीन सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

चिनियाँ राजदूत माओमिङले नेपाल सरकारका तर्फबाट राखिएका विषयमा चीन सरकार साझेदारी र सहकार्यका लागि इच्छुक रहेको बताउनुभयो ।

सो भेटमा दुई देशबीचको आपसी हित र बहुआयामिक सम्बन्धलाई थप प्रगाढ बनाएर जाने विषयमा समझदारी बनेको छ । रासस

# ‘केटा मान्छेसहित केही महिलाले मेरो श्रीमतीलाई गालीगलौज र हातपात गरे’

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमालेका सचिव महेश बस्नेतले केटामान्छेसहितकेही महिलाहरूले आफ्नो श्रीमतीलाई गालीगलौज गर्नुका साथै हातपात गरिएको घटनाप्रति आपत्ति जनाएका छन् ।

काठमाण्डुस्थित माइतीघर मण्डलामा सोमबार शोभा पाठक र महेश पत्नीबिच झडप भएको थियो ।

शोभा पाठक, रश्मिला धामी लगायतका युवतीहरू माइतीघरमा सुधन गुरुङलाई पुनर्वहाली गर्नुपर्ने भन्दै धर्ना बसिरहेका बेला महेश पत्नी अम्बिकासहित केही महिलाहरू पनि माइतीघर पुगेका थिए ।



झडपपछि सचिव बस्नेतले लेखका छन्,'मेरो र हाम्रो परिवारमाथि गरिएको साइबर अपराधविरुद्ध उजुरी दिन साइबर ब्युरो जाने क्रममा माइतीघर क्षेत्रमा भएको भिडभाड इयालबाट हेर्दै गर्दा त्यहाँ उपस्थित केही व्यक्तिहरू केटा मान्छेले समेत मेरो श्रीमती सहित केही महिलालाई गालीगलौज गर्नुका साथै हातपात समेत गरेका छन् । उल्टै, मेरो श्रीमतीसहित आठ जनालाई प्रहरीले गिरफ्तार गरेको छ'स घटनालाई केही सञ्चार माध्यमहरूले गलत ढङ्गले प्रस्तुत गर्दै भ्रामक प्रचार गरिरहेकामा बस्नेतले आपत्ति समेत जनाएका छन् ।

माइतीघर मण्डला जस्तो सार्वजनिक स्थललाई मन नपरेका व्यक्तिलाई बदनाम गर्ने र चरित्र हत्या गर्ने थलोका रूपमा प्रयोग गरिनु निन्दनीय भएको उनले बताए ।

'यस्तो संवेदनशील विषयमा सरकार मौन दर्शक बनेर बस्नु उपयुक्त हुँदैन। पीडित आफैँले न्याय खोज्नुपर्ने अवस्था सिर्जना हुनु, उल्टै उनीहरूमाथि हातपात हुनु र गिरफ्तार गरिनु कुनै पनि लोकतान्त्रिक समाजका लागि राम्रो सङ्केत होइन,'उनले भने,'सम्बन्धित निकायले यस विषयमा गम्भीर ध्यान दिई निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाही गर्नु आवश्यक छ। अन्यथा, सशक्त प्रतिरोध गरिनेछ।'

# सञ्चारमन्त्री तिमिल्सिनासँग चिनियाँ राजदूतको शिष्टाचार भेटवार्ता

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा बिक्रम तिमिल्सिनासँग नेपालका लागि चिनियाँ राजदूत झाङ माओमिङले आज शिष्टाचार भेटवार्ता गर्नुभएको छ । भेटवार्तामा नेपाल-चीन सम्बन्ध, आपसी हित तथा द्विपक्षीय सहकार्यबारे छलफल भएको सञ्चारमन्त्रीको सचिवालयले जनाएको छ ।

भेटका क्रममा राजदूत झाङ माओमिङले नेपालमा नयाँ सरकार गठन भएकामा बधाई दिँदै दुई छिमेकी राष्ट्रबीच विद्यमान मित्रतालाई आगामी दिनमा अझ प्रगाढ र मजबुत बनाउन विभिन्न क्षेत्रमा सहकार्य विस्तार गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले नेपालमा राजनीतिक परिवर्तनपछि स्थायी र बलियो सरकार बनेकाले आर्थिक तथा सामाजिक विकासका लागि अभूतपूर्व अवसर सिर्जना भएको उल्लेख गर्दै त्यस किसिमको रुपान्तरणमा चीन सहकार्य गर्न इच्छुक रहेको बताउनुभयो ।

राजदूत झाङले चीनले प्रविधिमा आधारित गुणस्तरीय उत्पादनमुखी नीति अवलम्बन गरिरहेको जानकारी दिँदै कृत्रिम बौद्धिकता तथा



नवीनतम् सूचना प्रविधिका क्षेत्रमा प्राथमिकता दिइएको बताउनुभयो । नेपालले पनि यस्ता उन्नत प्रविधिका क्षेत्रमा चीनसँग सहकार्य गर्न सक्ने सम्भावनाबारे उहाँले अवगत गराउनुभयो । साथै, चिनियाँ लगानीमा नेपालमा सञ्चालन भइरहेका विभिन्न कम्पनीका लागि सहज र अनुकूल वातावरण बन्ने अपेक्षा उहाँले व्यक्त गर्नुभयो ।

सो अवसरमा सञ्चारमन्त्री डा बिक्रम तिमिल्सिनाले नेपालले चीनसँगको निरन्तर सहकार्य, पारस्परिक हित र विकास साझेदारीलाई सधैँ प्राथमिकतामा राख्दै आएको बताउनुभयो । उहाँले कनेक्टिभिटी पूर्वाधार निर्माण, डिजिटल पूर्वाधार विस्तार तथा सूचना प्रविधिमा आधारित क्षेत्रमा दुवै देशबीच सहकार्यको पर्याप्त सम्भावना रहेको उल्लेख गर्नुभयो ।

मन्त्री तिमिल्सिनाले नेपाल सरकारले प्रविधिमा आधारित सुशासनमैत्री सेवा प्रवाहलाई प्राथमिकतामा राखेको स्पष्ट पार्दै सूचना प्रविधि, साइबर सुरक्षा, दूरसञ्चार तथा डिजिटल सेवा विस्तारका क्षेत्रमा थप काम गर्ने बताउनुभयो । पछिल्लो समय राज्य संयन्त्रलाई डिजिटल माध्यमबाट प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउने नीति सरकारको प्राथमिकतामा रहेको पनि उहाँले उल्लेख गर्नुभयो ।

चिनियाँ लगानीका कम्पनीहरूले नेपालमा काम गर्ने क्रममा केही समस्या भोग्नुपरेको भए त्यसको समाधानका लागि सरकार सदैव तयार रहेको स्पष्ट पार्दै मन्त्री तिमिल्सिनाले नेपाल-चीनबीचको ऐतिहासिक सम्बन्धलाई दुवै देशको आपसी हितका लागि अझ प्रगाढ बनाउन पहल आवश्यक रहेको बताउनुभयो । रासस

## सीमाविद् श्रेष्ठको फेसबुक गायब

**टुडे समाचारदाता**

काठमाण्डु । सीमाविद् बुद्धिनारायण श्रेष्ठको फेसबुक एकाउन्ट गायब भएको जनाइएको छ । लिम्पियाधुरा, लिपुलेक र कालापानीको जग्गा नेपालको भूभागमा रहेको विषयमा पुरानो नक्सा प्रकाशन गरेपछि उनको फेसबुक एकाउन्ट गायब भएको छ ।

आफ्नो फेसबुक शनिबारदेखि नै नचलेको र योसँगै म्यासेञ्जरले समेत काम गर्न छाडेको श्रेष्ठले बताए ।

उनले भने, 'मैले १८१६ को सन्धि अनुसार महाकालीको उद्गम बिन्दु लिम्पियाधुरा भएको भनेर नक्सा पोस्ट गरेको थिएँ, त्यसपछि फेसबुक देखिन छाड्यो, छिमेकी मुलुकबाट रिपोर्ट भएको भन्ने म्यासेज आएको छ,' श्रेष्ठ भन्छन्, 'अहिले म्यासेञ्जरमा कुरा गर्ने साथीहरूसँग कुरा गर्न पनि पाएको छैन ।'

# ट्रेड युनियन अधिकार कटौती नगर्न आग्रह

काठमाण्डु । निजामती क्षेत्रमा क्रियाशील विभिन्न ट्रेड युनियनले सङ्घीय निजामती विधेयकमा ट्रेड युनियन अधिकार कटौती नगर्न आग्रह गरेका छन् ।

नेपालको संविधान र अन्तर्राष्ट्रिय श्रम सङ्गठनमा नेपाल पक्ष राष्ट्र भएर हस्ताक्षर र अनुमोदन गरेका अभिसन्धिअनुसार सबै पेसाकर्मीले सङ्गठित हुने र रोजेको सङ्गठनको सदस्य हुन पाउनेगरी पूर्ण ट्रेड युनियन अधिकार सुनिश्चित गर्न उनीहरूले माग गरेका हुन् ।

उनीहरूले संयुक्त विज्ञप्तिमार्फत सार्वजनिक सेवामा कार्यरत कर्मचारीको हकहित संरक्षण, सहभागिता र सामूहिक सौदाबाजीको अधिकारलाई कानुनी रूपमा मजबुत बनाउनसमेत आग्रह



गरेका छन् । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यही वैशाख ११ गते शुक्रबार सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदामा विधायन ऐन, २०८१ बमोजिम आवश्यक सुझावका लागि सार्वजनिक गरेको छ ।

संयुक्त रूपमा माग गर्नेहरूमा नेपाल निजामती कर्मचारी सङ्गठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी सङ्गठन, एकीकृत सरकारी कर्मचारी सङ्गठन, नेपाल मधेशी निजामती कर्मचारी मञ्च र स्वतन्त्र राष्ट्रसेवक कर्मचारी सङ्गठन रहेका छन् । रासस

# ‘अन्तर्राष्ट्रिय परिस्थिति बुझेर मात्रै राजनीति सफल हुन्छ’

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमालेका नेता सुरेन्द्र पाण्डेले नेपालको बदलिँदो सामाजिक संरचना र अन्तर्राष्ट्रिय परिवेशलाई बुझेर मात्रै अबको राजनीति सफल हुने बताएका छन् ।

मदन भण्डारी फाउण्डेशनद्वारा आयोजित 'मदन भण्डारी, सामाजिक एकता र राष्ट्र निर्माण' विषयक विचार गोष्ठीमा बोल्दै पाण्डेले पुरानो शैलीको राजनीतिले आजको आवश्यकता पूरा गर्न नसक्ने तर्क गरे ।

उनले नेपालका राजनीतिक



दलहरूले आफ्नो वर्ग आधार पुनरावलोकन गर्नुपर्नेमा जोड दिए । केवल १७ प्रतिशतको मात्र कुरा गरेर ८३ प्रतिशत डोमिनेन्ट मध्यम वर्गलाई उपेक्षा गरेर अब कुनै पनि पार्टीले बहुमत ल्याउन नसक्ने ठोकुवा पनि उनले गरे ।

जनताको बहुदलीय जनवाद (जबज) को सान्दर्भिकता चर्चा गर्दै पाण्डेले मदन भण्डारीले जहिले पनि शास्त्रभन्दा जीवन्त यथार्थलाई महत्व दिएको स्मरण गरे । पार्टीहरूले हिजोको भूमिगतकालीन मानसिकता र नियन्त्रणमुखी शैली नत्यागे नयाँ पुस्ता राजनीतिमा नआउने उनले चेतावनी दिए ।

# भारत-न्यूजील्याण्डबिच स्वतनत्र व्यापार सम्झौतामा हस्ताक्षर, शतपूतिशतच भारतीय निर्यात करमुक्त

रासस/एएफपी । भारत र न्यूजील्याण्डबीच द्विपक्षीय व्यापार सम्बन्धमा सोमबारदेखि नयाँ युगको सुरुवात भएको छ। दुई देशले ऐतिहासिक स्वतन्त्र व्यापार सम्झौता (एफटिए) मा हस्ताक्षर गरेका छन्, जसले व्यापार, लगानी र रोजगारको क्षेत्रमा आमूल परिवर्तन ल्याउनेछ।

यो महत्त्वपूर्ण सम्झौतालाई वाणिज्य मन्त्री पीयूष गोयल र उहाँका न्यूजील्याण्ड समकक्षी टोड म्याकलेको उपस्थितिमा आधिकारिक बनाइएको थियो। यो सम्झौतालाई भारतीय अर्थव्यवस्था र निर्यातकर्ताहरूका लागि विश्व बजारमा ठूलो कूटनीतिक र आर्थिक विजय मानिन्छ।

यस एफटिएको सबैभन्दा उल्लेखनीय विशेषता यसको गति हो। सन् २०२५ मार्च १६ मा सुरु भएको वार्ता नौ महिनाभित्र सम्पन्न भएको थियो । यो सम्झौता लागू भएसँगै भारतीय सबै उत्पादनहरूमा तत्काल शत प्रतिशत कर मिनाह हुनेछ । बदलामा न्यूजील्याण्डबाट भारत आउने कुनै पनि वस्तुमा कर लाग्ने छैन।

हाल न्यूजिल्याण्डले भारतबाट निर्यात हुने करिब ४५० वस्तुमा १० प्रतिशत कर लगाउने गरेको छ। नयाँ सम्झौता अन्तर्गत यो शुल्क हटाइनेछ, जसले भारतीय कपडा र तयारी पोशाक, छाला उद्योग, टोपी, सेरामिक्स, कार्पेट र सवारी साधन र तिनका पार्टपुर्जाको निर्यातलाई ठूलो बढावा दिनेछ । यसको



बदलामा भारतले न्यूजील्याण्डबाट आउने ९५ प्रतिशत सामानमा पनि छुट दिएको छ वा ट्यारिफ घटाएको छ।

व्यापार सहजीकरणको साथसाथै यस एफटिएको एक प्रमुख स्तम्भ विदेशी लगानी हो। सम्झौता अन्तर्गत न्यूजील्याण्डले आगामी १५ वर्षमा भारतमा २० अर्ब डलर लगानी गर्ने प्रतिबद्धता जनाएको छ। यो लगानी भारतसँग युरोपेली स्वतन्त्र व्यापार सङ्घ (इएफटिए) ले हस्ताक्षर गरेको सम्झौतामा प्रस्तावित १०० अर्ब डलरको लगानी ढाँचाको आधारमा हो।

एक महत्त्वपूर्ण रणनीतिक कदममा भारतले आफ्नो संवेदनशील घरेलु कृषि र दुग्ध क्षेत्रलाई यस एफटिएको दायराबाट पूर्ण रूपमा बाहिर राखेको छ। दूध, क्रीम, दही र चीजजस्ता सबै दुग्ध उत्पादनहरू साथै अन्य कृषि उत्पादनहरू आयातबाट छुट दिइएको छैन, जसले गर्दा भारतीय किसान र स्थानीय दुग्ध उद्योगको हितको रक्षा सुनिश्चित भएको छ।

-विद्यार्थी र पेशेवरका लागि नयाँ ढोका-

आर्थिक मोर्चा बाहेक, यो एफटिए कामकाजी पेशेवर र विद्यार्थीहरूको गतिशीलताको लागि कोशेढुङ्गा साबित हुनेछ।

विद्यार्थीहरूलाई राहतः न्यूजील्याण्डले पहिलो पटक विश्वव्यापी रूपमा कुनै देशसँग विद्यार्थी आवागमन र 'पोस्ट स्टडी वर्क भिसा'को लागि सम्झौता गरेको छ। अब भारतीय विद्यार्थीहरूले अध्ययनको क्रममा प्रति हप्ता २० घण्टासम्म काम गर्न सक्षम हुनेछन् र विस्तारित ' पोस्ट-स्टडी वर्क भिसा'को लाभ प्राप्त गर्नेछन्।

उच्च तलब पाउने रोजगारीको खोजीमा रहेका कुशल भारतीय पेशेवरहरूका लागि सम्झौतामा पाँच हजार अस्थायी रोजगार भिसाको विशेष कोटा तय गरिएको छ। यसमार्फत पेशेवरहरूले न्यूजील्याण्डमा तीन वर्ष बस्न र काम गर्न सक्नेछन्।

सम्झौताले एक विशेष वर्किङ होलिडे भिसा कार्यक्रमको पनि व्यवस्था गरेको छ, जसले एक हजार युवा भारतीयहरूलाई प्रति वर्ष १२ महिनाको लागि न्यूजील्याण्डमा प्रवेश गर्न सहज गराउनेछ।

भारत र न्यूजील्याण्ड बीचको यो स्वतन्त्र व्यापार सम्झौताले दुवै देशको अर्थव्यवस्थाको लागि अवसरहरू सिर्जना गर्दछ। जबकि भारतका निर्यातकर्ता र कुशल जनशक्तिले प्रत्यक्ष लाभ उठाउनेछ, न्यूजील्याण्डले विशाल र उदीयमान बजारमा सहज पहुँच पाउनेछ। महत्वपूर्ण क्षेत्रहरू (जस्तै डेरी) लाई सुरक्षित गर्दै विदेशी लगानी आकर्षित गर्ने यो नीतिले भारतलाई भविष्यमा विश्वव्यापी आपूर्ति श्रृङ्खलामा एक बलियो र भरपर्दो साझेदारको रूपमा स्थान दिनेछ।

-सम्झौताबारे वाणिज्यमन्त्रीको भनाइ-

भारत-न्यूजील्याण्ड मुक्त व्यापार सम्झौतामा हस्ताक्षर गर्ने क्रममा केन्द्रीय वाणिज्य र उद्योग मन्त्री पीयूष गोयलले भन्नुभयो, "हामी विश्व अर्थतन्त्रको पुनर्संरचना भइरहेको यस्तो समयमा बैठक गरेका छौं। विश्व अर्थतन्त्रको पुनर्संरचना भइरहेका, सीमाहरू पुनः कोरिरहेको र राष्ट्रहरूले आफ्ना साझेदारहरू छानिरहेको समयमा आफ्नो भविष्यको बाटो तय गरिरहेका छन्।"

उहाँले भन्नुभयो, "यो बदलिँदो युगमा भारत र न्यूजील्याण्डले एक अर्कालाई रोजेका छन्। भारत-न्यूजील्याण्ड स्वतन्त्र व्यापार सम्झौता नौ महिनाको छोटो अवधिमा सम्पन्न भएको छ । यो गतिले हाम्रा देशहरूबीचको गहिरो विश्वास र साझा महत्वाकांक्षालाई प्रतिबिम्बित गर्दछ।"

उहाँले थप्नुभयो, "यस एफटिएमा हस्ताक्षर विकसित देशहरूसँग भारतको सम्बन्धमा अर्को महत्त्वपूर्ण कोशेढुङ्गा हो र हामीलाई प्रधानमन्त्री मोदीको 'विकसित भारत २०४७' को दृष्टिकोणको नजिक ल्याउँछ। यो पछिल्लो साढे तीन वर्षमा मेरो सातौं एफटिए हो, र दुई थप सम्झौताहरू हुन बाँकी छन्। आगामी केही महिनामा ईयू र अमेरिकासँग सम्झौता हुनेछ।"

## सन फार्माले अर्गानन किन्न सहमति

रासस/एएफपी। भारतीय औषधि उद्योगले विश्व बजारमा आफ्नो प्रभाव विस्तार गर्ने क्रममा ठूलो कदम चालेको छ। भारतको सन फार्मास्युटिकलले अमेरिकी महिला स्वास्थ्य सेवा कम्पनी अर्गाननलाई ११ अर्ब ७५ करोड डलरमा खरिद गर्ने सम्झौता गरेको घोषणा गरेको छ। यसलाई भारतीय औषधि कम्पनीहरूको रणनीतिक रूपान्तरणको महत्त्वपूर्ण सङ्केतका रूपमा हेरिएको छ।

सोमबार सार्वजनिक गरिएको संयुक्त विज्ञप्तिअनुसार सन फार्माले अर्गाननका लगानीकर्ताहरूसँग रहेको सबै जारी सेयरहरू प्रतिसेयर १४ डलरका दरले पूर्ण नगद कारोबारमार्फत खरिद गर्नेछ। दुवै कम्पनीका सञ्चालक समितिबाट स्वीकृत भइसकेको यो सम्झौता आवश्यक नियामक तथा सेयरधनी अनुमोदन प्राप्त भएपछि सन् २०२७ को सुरुतिर अन्तिम रूप पाउने अपेक्षा गरिएको छ।

सन फार्माका अध्यक्ष दिलीप साङ्घवीले अर्गाननको पोर्टफोलियो, प्राविधिक क्षमता र विश्वव्यापी उपस्थितिले आफ्नै व्यवसायलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो। उहाँका अनुसार दुई कम्पनीको संयोजनले अझ व्यापक र विविध प्लेटफर्म निर्माण गर्नेछ, जसले भविष्यको प्रतिस्पर्धामा मजबुत आधार तयार पार्नेछ।

कम्पनीले यो अधिग्रहण आफ्नो 'इनोभेटिभ मेडिसिन' व्यवसाय विस्तार गर्ने दीर्घकालीन रणनीतिसँग मेल खाने जनाएको छ। यसमार्फत सन फार्मा बायोसिमिलर औषधि क्षेत्रमा प्रवेश गर्दै विश्वका शीर्ष १० कम्पनीमध्ये स्थान बनाउने दिशामा अघि बढ्ने लक्ष्य राखिएको छ।

अर्गाननकी प्रमुख केरी कक्सले पनि यस सम्झौताले आफ्ना सेयरधनीहरूलाई तत्काल र आकर्षक मूल्य प्रदान गरेको छ।

## महामारी सन्धिमा सहमति खोज्न अन्तिम कसरत

रासस/एएफपी । भविष्यका महामारीहरू सामना गर्न बनाइएको विश्वव्यापी सन्धिको सबैभन्दा विवादित र अधुरो अंश टुङ्ग्याउन विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) मा सोमबारदेखि निर्णायक वार्ता सुरु भएको छ। धनी र विकासोन्मुख राष्ट्रबीच गहिरो मतभेद कायमै रहेकाले सम्झौताको कार्यान्वयन पक्ष अझै अन्योलमा छ, जसलाई मिलाउन थप एक साताको समय छुट्याइएको हो।

गत वर्ष अनुमोदित महामारी सन्धिले व्यवहारमा कसरी काम गर्ने भन्ने मूल प्रश्नमै अहिले विवाद केन्द्रित छ। विशेषगरी 'रोगजनक पहुँच र लाभ-साझेदारी प्रणाली' (पिएबिएस) ले महामारी निम्त्याउन सक्ने भाइरस तथा रोगजनकहरूको पहुँच कसरी साझा गर्ने र त्यसबाट प्राप्त लाभ–जस्तै खोप, परीक्षण र उपचार–कसरी न्यायोचित रूपमा बाँड्ने भन्ने विषयमा स्पष्ट सहमति हुन सकेको छैन।

डब्लुएचओकी प्रमुख वैज्ञानिक सिल्वी ब्रिन्डले विकासशील राष्ट्रहरूमा अझै गहिरो अविश्वास रहेको उल्लेख गर्नुभयो। उहाँका अनुसार ती देशहरूले सङ्कटको बेला खोपमा समान पहुँच सुनिश्चित नहुने डरका कारण आफ्ना भाइरस नमुना साझा गर्न हिच्किचाइरहेका छन्। अर्कोतर्फ केही विकसित देशहरूले भने औषधि उद्योगलाई लगानीको प्रतिफलको स्पष्ट सुनिश्चितता नदिई यस्ता वैश्विक सम्झौतामा संलग्न गराउन कत्तिको सम्भव छ भन्ने प्रश्न उठाइरहेका छन्।

अहिले खोप, उपचार र परीक्षण विकासमा भौतिक नमूनाभन्दा




डिजिटल जेनेटिक सूचना अझ महत्त्वपूर्ण बनिसकेकाले आनुवंशिक डाटाको साझेदारी पनि अर्को जटिल पक्ष बनेको उहाँले बताउनुभयो।

मे २०२५ मा, कोभिड-१९ महामारीबाट सिकेका पाठका आधारमा तीन वर्षभन्दा लामो वार्तापछि सदस्य राष्ट्रहरूले ऐतिहासिक महामारी सन्धि स्वीकृत गरेका थिए। यसको उद्देश्य भविष्यका स्वास्थ्य सङ्कटमा अन्तर ाष्ट्रिय समन्वय सुदृढ गर्ने, निगरानी प्रणाली सुधार गर्ने र खोप तथा उपचारमा समान पहुँच सुनिश्चित गर्नु हो। तर सन्धिको मुख्य आधार मानिएको पिएबिएसलाई अन्तिम रूप दिन नसकिएकाले यो अझै अधुरै रहेको छ।

आगामी मे १८ मा सुरु हुने विश्व स्वास्थ्य सभामा यसलाई औपचारिक रूपमा पारित गराउने लक्ष्य राखिएको छ। त्यसअघि पिएबिएसमा सहमति जुटाउन यही सातालाई अन्तिम अवसरका रूपमा हेरिएको छ। जेनेभास्थित ब्राजिलका कूटनीतिज्ञ जिन कारिडाकिसले मतभेद गम्भीर भए पनि सहमति सम्भव रहेको विश्वास व्यक्त गर्नुभयो। उहाँले प्रगति सुस्त भए पनि विशेषगरी युरोपेली सङ्घ (इयु) बाट केही लचकता देखिन थालेको बताउनुभयो।

विकासोन्मुख देशहरू, विशेषतः अफ्रिकी राष्ट्रहरूका लागि पिएबिएस अत्यन्त महत्त्वपूर्ण विषय बनेको छ, किनकि कोभिड-१९ का बेला खोप पहुँचमा उनीहरूले ठूलो असमानता भोगेका थिए। यद्यपि, ती देशहरूबीच पनि प्राथमिकतामा फरक देखिन्छ। दक्षिण अफ्रिका जस्ता उदीयमान अर्थतन्त्रहरूले प्रविधि हस्तान्तरणमा जोड दिइरहेका छन् भने गरिब राष्ट्रहरू स्वास्थ्य सामग्रीमा प्रत्यक्ष पहुँच सुनिश्चित गर्न चाहन्छन्।

पाकिस्तानका प्रतिनिधि आदिल मुमताज खोखरले वार्ता चुनौतीपूर्ण भए पनि सकारात्मक निष्कर्ष निस्कने आशा व्यक्त गर्नुभयो। उहाँका अनुसार इजाजतपत्र, प्रविधि हस्तान्तरण र स्वास्थ्य प्रणालीको क्षमता विकासजस्ता विषयहरू मुख्य विवादका बिन्दु बनेका छन्। प्रस्तावित व्यवस्थाअनुसार सहभागी औषधि कम्पनीहरूले आफ्नो उत्पादनको २० प्रतिशत हिस्सा डब्लुएचओमार्फत पुनः वितरणका लागि उपलब्ध गराउनुपर्नेछ, जसको आधा दान र बाँकी किफायती मूल्यमा हुने व्यवस्था छ। तर स्वास्थ्य डेटा पहुँच र महामारीबाहेकका स्रोतहरूको उपयोगजस्ता विषयहरू अझै स्पष्ट पार्न बाँकी छन्।

गरिब देशहरूले खोप र उपचारमा सुनिश्चित पहुँच पाउन सकून् भन्ने उद्देश्यले गैरसरकारी संस्था र विकासोन्मुख राष्ट्रहरूले प्रयोगशालाहरूलाई अनिवार्य दायित्वमा बाँध्नुपर्ने माग गरेका छन्। डाक्टरस विदाउट बोर्डर्सकी ओलेना जारित्सकाले इबोला प्रकोपको उदाहरण दिँदै अफ्रिकी नमूनाबाट विकसित उपचारहरूमा स्थानीय पहुँच सीमित भएको स्मरण गराउनुभयो।

यस्तै, पिएबिएस डाटाबेसमा प्रयोगकर्ताको दर्ता र निगरानी प्रणालीको विषयमा पनि विवाद छ। जर्मनी, नर्वे र स्विट्जरल्यान्डजस्ता विकसित देशहरूले बेनामी पहुँच कायम राख्न चाहेका छन् भने अन्य पक्षले त्यसले पारदर्शिता घटाउने तर्क गरेका छन्। थर्ड वर्ल्ड नेटवर्कका के. एम. गोपकुमारका अनुसार यस्तो व्यवस्था रहिरहेमा कसले कुन उद्देश्यका लागि डाटा प्रयोग गरिरहेको छ भन्ने ट्र्याक गर्न असम्भव हुने खतरा रहन्छ।

अक्सफामसहित १०० भन्दा बढी संस्थाहरूले डब्लुएचओलाई लेखेको संयुक्त पत्रमा बेनामी पहुँचले विकासोन्मुख देशका आनुवंशिक स्रोतहरू दण्डहीन रूपमा प्रयोग र व्यवसायीकरण हुन सक्ने चेतावनी दिएका छन्।

## सन् २०२६ मा अफगानिस्तानको आर्थिक वृद्धि चार प्रतिशतले बढ्ने विश्व बैङ्कको प्रक्षेपण

रासस/एएफपी । अफगानिस्तानको अर्थतन्त्र सन् २०२६ मा करीव चार प्रतिशतले वृद्धि हुने अनुमान गरिएको टोलो न्यूजले विश्व बैङ्कको एक विज्ञप्तिलाई उद्धृत गरी सोमबार जानकारी गराएको छ।

बलियो घरेलु माग, बढ्दो निजी लगानी र श्रम बजारमा फर्कने आप्रवासीहरूको



सुधारिएको एकीकरणको समर्थनले अफगानिस्तानको आर्थिक वृद्धिमा सकारात्मक भूमिका खेलेको छ।

प्रतिवेदनमा भनिएको छ, "इरानमार्फत हुने कारोबारले आर्थिक गतिविधिलाई समर्थन गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको र व्यापार मार्गहरूको विविधीकरणको प्रयासले अधिक स्थिर वृद्धिमा योगदान पुर्याउने अपेक्षा गरिएको छ। सन् २०२५ मा अफगानिस्तानको अर्थतन्त्र अनुमानित ४.८ प्रतिशतले विस्तार भएको पनि प्रतिवेदनमा उल्लेख छ।

उच्च खपत र गैर-कृषि क्षेत्रहरूमा क्रमिक सुधारको कारण अफगानिस्तानमा निरन्तर चुनौतीहरूको बाबजुद सामान्य आर्थिक सुधारको सङ्केत देखिएको छ।

# आइपिएलमा आरसिबी र दिल्ली खेल्दै



**टुडे समाचारदाता**

जनकपुरधाम । इण्डियन प्रिमियर लिग (आइपिएल) मा सोमबार दिल्ली क्यापिटल्स र रोयल च्यालेन्जर्स बेङ्गलुरु (आरसिबी) बीच प्रतिस्पर्धा हुँदैछ।

दिल्लीमा भइरहेको यस खेल नेपाली समय अनुसार साँझ ७:४५ बजे शुरु भएको छ। प्लेअफको दौड रोचक बन्दै गएको अवस्थामा दुवै टोलीका लागि यो खेल महत्वपूर्ण मानिएको छ।

दिल्लीका केएल राहुल उत्कृष्ट फर्ममा रहेका छन्। उनलाई आरसिबीविरुद्ध खेल्न विशेष रूपमा मन पर्ने मानिन्छ। राहुलले आरसिबीबाटै आइपिएल डेब्यु गरेका थिए र सन् २०१६ मा टोली फाइनल पुग्दा पनि राम्रो प्रदर्शन गरेका थिए।

२०१८ मा आरसिबी छाडेपछि उनले आफ्नो पूर्व टोलीविरुद्ध ७ सय ८९ रन बनाएका छन्। उनले कुनै पनि टोलीविरुद्ध बनाएको सबैभन्दा धेरै रन हो। आरसिबीविरुद्ध राहुलको औसत ६९.९१ रहेको छ। कुनै पनि टोलीविरुद्ध उनको उत्कृष्ट औसत हो।

पछिल्लो भेटमा पनि राहुलले अर्धशतक बनाउँदै दिल्लीलाई बेङ्गलुरुमा कठिन लक्ष्य पछ्याउँदै जित दिलाएका थिए। पछिल्लो खेलमा उनले पञ्जाब किङ्सविरुद्ध ६७ बलमा १ सय ५२ रन अविजित बनाउँदै उत्कृष्ट प्रदर्शन गरेका थिए। त्यसअघि पनि उनले ५७ र ९२ रनको महत्वपूर्ण इनिङ्स खेलेका थिए।

राहुलको आरसिबीका प्रमुख बलर जोस हेजलवुडविरुद्ध पनि राम्रो रेकर्ड रहेको छ। आइपिएलमा हेजलवुडविरुद्ध १ सय भन्दा बढी रन बनाउने राहुल एक मात्र ब्याटर हुन्।

आरसिबी भने ७ खेलमध्ये ५ जित निकाल्दै अंक तालिकाको दोस्रो स्थानमा मजबुत अवस्थामा रहेको छ।

दिल्ली पछिल्ला ५ मध्ये ४ खेल हार्दै शीर्ष चारभन्दा ४ अंकले पछि परेको छ। त्यसैले प्लेअफको दौडमा टिकिरहन दिल्लीका लागि यो खेल महत्वपूर्ण हुनेछ।

दिल्लीका तेज बलर लुङ्गी एनगिडी टाउकोमा चोट लागेपछि यस खेलमा खेल्नेमा शंका रहेको छ। पञ्जाब किङ्सविरुद्ध क्याच समात्ने क्रममा चोट लागेपछि उनलाई अस्पताल लगिएको थियो। उनी उपलब्ध नभए काइल जेमिसन वा दुश्मन्था चामेरा टोलीमा आउन सक्ने सम्भावना छ।

आरसिबीका ओपनर फिल साल्ट चोटका कारण अझै उपलब्ध छैनन्। त्यसैले जेकब बेथेलले फेरि ओपनिङ गर्ने सम्भावना छ। टोलीमा ठूलो परिवर्तन हुने सम्भावना कम छ।

दिल्लीका ओपनर पथुम निस्सांकाले यस सिजन राम्रो सुरुवात गरे पनि ठूलो इनिङ्स खेल्न सकेका छैनन्। ७ खेलमा उनले १४७ रन बनाएका छन्।

अर्कोतर्फ विराट कोहली भने यस सिजन उत्कृष्ट फर्ममा छन्। उनको स्ट्राइक रेट १६३.१८ रहेको छ र पछिल्लो खेलमा गुजरात टाइटन्सविरुद्ध ८१ रन बनाउँदै टोलीलाई जित दिलाएका थिए। दिल्लीमा पनि कोहलीको रेकर्ड राम्रो छ, जहाँ उनले आइपिएलमा ७ अर्धशतक बनाइसकेका छन्।

# पुलिस र एभरेष्टको जित

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल पुलिस क्लबले दशौं पिएम कप एनभिए लिगको पाँचौ दिन सोमबार जित हासिल गरेको छ।

अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई ३-१ ले हराउँदै पुलिसले लिगको तेस्रो जित दर्ता गरेको हो।

पहिलो सेट २५-२१ गुमाएको पुलिसले त्यसपछि २५-१५,२५-१५,२५-१५ ले हराएको थियो। यसअघि पुलिसले २ खेल जितेको थियो।

यसअघि अर्को खेलमा एभरेष्ट भलिबल क्लबले सुदूरपश्चिम प्रदेश भलिबल क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको छ। एभरेष्ट २५-११,२५-१०,२५-१४ ले विजयी भएको थियो।

नेपाल भलिबल संघको आयोजनामा



बैशाख १९ गते सम्म चल्ने प्रतियोगितामा क्लब च्याम्पियनसिपबाट छनोट भएका महिलातर्फका ६ र पुरुषतर्फका ८ टोलीले लिगमा प्रतिस्पर्धा गरिरहेको जनाइएको छ।

# महिला फुटबल प्रतियोगिता आयोजना हुने

भजनी। युथ अफ टीकापुरले खुला महिला फुटबल प्रतियोगिता आयोजना गर्ने भएको छ। प्रतियोगिता यही यही वैशाख २५ गतेदेखि हुन लागेको हो।

अध्यक्ष अभिशेख शाहले हरेक वर्ष क्रिकेट प्रतियोगिता गर्दै आए पनि यस वर्षदेखि फुटबललाई जोड दिइएको बताउनुभएको छ। "हामीले क्रिकेट प्रतियोगिता हरेक वर्ष गर्दै आएका थियौं," उहाँले भन्नुभयो, "यस वर्षबाट फुटबल प्रतियोगितालाई पनि जोडेका छौं।" प्रतियोगिताको उपाधि जित्ने टोलीले रु दुई लाख दुई हजार २२२ पुरस्कार प्राप्त गर्नेछ भने उपविजेताले रु एक लाख ११ हजार १११ प्राप्त गर्ने आयोजकले जनाएको छ।

प्रतियोगितामा उत्कृष्ट खेलाडीले रु १० हजार ५०० प्राप्त गर्नेछ। त्यसैगरी, उत्कृष्ट गोलरक्षक, सर्वाधिक गोलकर्ता, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिड फिल्डर र उत्कृष्ट प्रशिक्षकलाई जनही रु पाँच हजार ५०० पुरस्कार प्रदान गरिने क्लबका कोषाध्यक्ष दीपक रिमालले जानकारी दिनुभयो।

खासगरी युवाहरूलाई खेलकुदमा प्रेरित गर्न प्रतियोगिताले भूमिका खेल्ने विश्वास कोषाध्यक्ष रिमालले गर्नुभएको छ। उहाँका अनुसार महिला फुटबलको हकमा ठूलो राशिको पहिलो प्रतियोगिता आयोजना हुन लागेको छ। प्रतियोगितामा देशभरबाट १६ महिला टोलीको सहभागिता रहनेछ। रासस

॥ भावपूर्ण श्रद्धाञ्जली ॥



स्व. दिप नारायण साह

यस कलेजका कार्यकारिणी अध्यक्ष ज्यू तथा शैक्षिक परामर्शदाता ज्यूका पूज्यनीय पिता श्री **दिपनारायण साह** (नेपाल सरकारका पूर्व शान्ति तथा पूर्ननिर्माण राज्यमन्त्री) ज्यूको असमायिक निधनले हामी स्तब्ध भएका छौं।

दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौ।

**मध्यमाञ्चल रिजनल ईन्जिनियरिङ्ग कजेल, जनकपुर**
**भ्याली कजले अफ ईन्जिनियरीङ्ग, जनकपुर**
**समस्त परिवार**

# 'आगामी बजेटले दीर्घकालीन सुधार तथा राष्ट्रिय अर्थतन्त्रमा गुणक प्रतिफल सृजना गर्नेछ'



काठमाण्डु । राष्ट्रिय योजना आयोगका सदस्य डा सञ्जय आचार्यले आगामी आर्थिक वर्षको बजेटले सुशासनको जगमा दीर्घकालीन सुधार गर्दै राष्ट्रिय अर्थतन्त्रमा गुणक प्रतिफल सृजना गर्ने आयोजना तथा कार्यक्रम एवम् नीतिगत सुधारको जग निर्माण गर्ने बताउनुभएको छ ।

नेपाल व्यवस्थापन सङ्घले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका सम्बन्धमा आयोजना गरेको छलफलमा आचार्यले आयोगले भन्नुभयो, "वर्तमान सरकारसँग आम जनताको ठूलो आशा र अपेक्षा छ, तर विद्यमान समस्या रातारात सृजना नभएकाले सबै समस्या एउटै बजेटबाट हुन्छ भन्ने अपेक्षा भने राख्नु हुँदैन ।"

राष्ट्रिय योजना आयोगले समपूरक र विशेष अनुदानको विधि र प्रक्रिया परिवर्तन गर्ने साथै स्रोतसाधनका दृष्टिले प्रदेश र स्थानीय सरकारलाई आफैँ पनि सबल हुन प्रेरित गर्ने उहाँको भनाइ थियो । आचार्यले नेपालमा ज्यालाको तुलनामा श्रम उत्पादकत्व न्यून हुनु र व्यापारमा ढुवानी तथा पारवहनको लागत उच्च हुँदै प्रत्यक्ष वैदेशिक लगानी निरुत्साहित भइरहेकाले त्यसमा सुधारको खाँचो औँल्याउनुभयो ।

अर्थतन्त्रमा ८० प्रतिशत र रोजगारीमा ८५ प्रतिशत योगदान गरिरहेको निजी क्षेत्रको आवाज सरकारले सुन्नुपर्ने र सम्मानजनक व्यवहार हुनुपर्नेमा आचार्यको जोड थियो । उहाँले करको दर घटाउने र दायरा विस्तार गर्ने विषय सन् १९८० को दशकदेखि विश्वभर प्रचलनमा आएको चर्चा गर्दै औचित्यपूर्ण कर लगाएर स्वेच्छाले कर तिर्ने प्रणालीको विकास गर्न सके दायरा विस्तार हुँदै जाने धारणा राख्नुभयो । साथै कुन करको अधिकतम 'थ्रेसहोल्ड' कति राख्दा उच्चतम कर सङ्कलन हुनसक्छ भन्ने अध्ययनले तय गर्ने उल्लेख गर्नुभयो ।

नेपालले जलवायु न्यायका दृष्टिले औचित्यपूर्ण ढङ्गले जलवायुसम्बन्धी 'ग्लोबल फण्ड'हरूबाट लाभ प्राप्त गर्न नसकिरहेको परिप्रेक्ष्यमा सरकारले त्यसतर्फ ध्यान पुऱ्याउने समेत आचार्यको भनाइ थियो ।

पूर्वअर्थमन्त्री डा युवराज खतिवडाले रोयल्टीका रूपमा 'रुल अफ थम्ब'को विद्यमान सूत्रका साथै समपूरक र विशेष अनुदानको सूत्र परिवर्तन गर्न सरकारलाई सुझाव दिनुभयो । सार्वजनिक निजी साझेदारीमा निजी क्षेत्र र सरकारले लाभ र जोखिम बाँडेर पूर्वाधार विकासमा काम गर्न सक्ने भएकाले निजी क्षेत्रले कुनै जोखिम नलिने मनोविज्ञान त्यागेर आए मात्रै सार्वजनिक निजी साझेदारीमा मोडेल प्रभावकारी हुने उहाँको भनाइ थियो ।रासस

# 'नेपालको वर्तमान आर्थिक स्थितिपत्र २०८३' सार्वजनिक

काठमाण्डु । मुलुकको वर्तमान समग्र आर्थिक, सामाजिक र शासकीय अवस्थाको मूल्याङ्कनसहित सरकारले सोमबार 'नेपालको वर्तमान आर्थिक स्थितिपत्र-२०८३' सार्वजनिक गरेको छ।

नयाँ सरकार गठनपछि अर्थ मन्त्रालयको जिम्मेवारी सम्हाल्ने वित्तिकै अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सो दस्तावेज तयार पार्ने निर्णय गर्नुभएको थियो । मन्त्रालयका अनुसार यो स्थितिपत्रले मुलुकको वर्तमान आर्थिक अवस्थाको वस्तुनिष्ठ चित्र प्रस्तुत गर्नुका साथै आगामी नीति, योजना र बजेट निर्माणका लागि मार्गदर्शन गर्ने उद्देश्य राखेको छ ।

सरकारले सार्वजनिक गरेको स्थितिपत्रलाई आगामी आर्थिक दिशा तय गर्ने आधार दस्तावेजका रूपमा हेरिएको छ । पछिल्ला वर्षहरूमा सुस्त आर्थिक वृद्धि, घट्दो निजी लगानी, बेरोजगारी, बढ्दो आयात निर्भरता, कमजोर कार्यान्वयन क्षमता र वित्तीय स्रोतको सीमितता जस्ता चुनौतीबीच दस्तावेज सार्वजनिक भएको हो ।

स्थितिपत्रले नेपालको अर्थतन्त्र अहिले अनेक चुनौतीबाट घेरिएको स्वीकार गरे पनि रूपान्तरणका लागि बहुआयामिक अवसरहरू प्रशस्त रहेको निष्कर्ष निकालेको छ। दस्तावेजमा स्थिर सरकार, सुशासन र लगानीमैत्री नीतिगत वातावरण निर्माण गर्न सके निजी क्षेत्रको विश्वास पुनःस्थापित हुने र स्वदेशी तथा विदेशी लगानी बढ्ने उल्लेख गरिएको छ। यसबाट उत्पादनमूलक क्षेत्र विस्तार, रोजगारी सिर्जना र आर्थिक गतिविधि तीव्र हुने अपेक्षा गरिएको छ।

अर्को ठूलो सम्भावनाका रूपमा जलविद्युत् क्षेत्रलाई प्रस्तुत गरिएको छ। नेपालसँग विशाल जलस्रोत रहेकाले सस्तो र भरपर्दो ऊर्जा उत्पादनमार्फत




औद्योगिकीकरण, सेवा क्षेत्र विस्तार तथा विद्युत् निर्यातबाट स्थिर वैदेशिक आम्दानी प्राप्त गर्न सकिने स्थितिपत्रमा उल्लेख छ । क्षेत्रीय विद्युत् व्यापार विस्तारले हरित ऊर्जा बजारमा नेपालको भूमिका अझ बलियो बन्ने जनाइएको छ।

सरकारले प्राकृतिक, धार्मिक, सांस्कृतिक र हिमाली सम्पदा नेपालको अर्को बलियो आर्थिक आधार भएको औँल्याएको छ । हिमाल, संस्कृति, समुदायमा आधारित पर्यटनको एकीकृत विकासमार्फत ग्रामीण क्षेत्रमा आय र रोजगारी सिर्जना गर्न सकिने स्थितिपत्रमा उल्लेख छ । पर्यटन पूर्वाधार, सेवा गुणस्तर, आवागमन सहजता र गन्तव्य व्यवस्थापन सुधार गर्न सके अन्तरराष्ट्रिय प्रतिस्पर्धात्मकता बढ्ने स्थितिपत्रको निष्कर्ष छ। त्यसैगरी यो दस्तावेजमा कृत्रिम बौद्धिकता, रोबोटिक्स, सूचना प्रविधि सेवा, बिजनेस प्रोसेस आउटसोर्सिङ तथा डिजिटल उद्यमशीलतालाई आगामी दशकको प्रमुख अवसरका रूपमा राखिएको छ । न्यून पुँजीमा उच्च मूल्य सिर्जना गर्ने यस्ता क्षेत्रले नेपाली युवा शक्तिलाई विश्व बजारसँग जोड्न सक्ने सम्भावना औँल्याइएको छ।

स्थितिपत्रले कृषि क्षेत्रको आधुनिकीकरणमार्फत उत्पादन, आय र निर्यात बढाउन सकिने स्पष्ट पारेको छ । उच्च मूल्यका बाली, पशुपालन, बगैँचा विकास तथा कृषि प्रशोधन उद्योगमा लगानी बढाएर आयात प्रतिस्थापन सम्भव रहेको उल्लेख गरिएको छ।

त्यस्तै औद्योगिक विकास, आपूर्ति शृङ्खला सुदृढीकरण, विशेष आर्थिक क्षेत्र (सेज), औद्योगिक क्लस्टर तथा व्यापार सहजीकरणलाई निर्यातमुखी अर्थतन्त्र निर्माणका प्रमुख साधन भनिएको छ । भौगोलिक अवस्थाको लाभ उठाउँदै नेपाललाई क्षेत्रीय 'ट्रान्जिट ट्रेड हब' बनाउने सम्भावना पनि स्थितिपत्रले औँल्याएको छ।

सरकारले यातायात, ऊर्जा, सिँचाइ र डिजिटल पूर्वाधारमा तीव्र लगानी बढाउनुपर्ने निष्कर्ष निकालेको छ। सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडेलबाट ठूला आयोजना अघि बढाउने सम्भावना रहेको दस्तावेजमा उल्लेख छ।

त्यसैगरी वार्षिक रूपमा ठूलो रकम भित्र्याउने विप्रेषण (रेमिट्यान्स) लाई उपभोगमा मात्र सीमित नराखी उद्यमशीलता, सीप विकास र उत्पादन क्षेत्रमा जोड्नुपर्नेमा जोड दिइएको छ । वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको अनुभव र सीपलाई घरेलु उत्पादनमा उपयोग गर्ने नीति आवश्यक रहेको बताइएको छ।

वित्तीय क्षेत्रतर्फ वित्तीय समावेशीकरण, डिजिटल बैंकिङ, दीर्घकालीन लगानी उपकरण विस्तार गरी बचतलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नुपर्ने सिफारिस गरिएको छ।स्थितिपत्रमा मुलुकभित्र उपलब्ध खनिज, जल, जमिन, जङ्गल र जडीबुटीको दिगो उपयोगबाट आय, उत्पादन र रोजगारी बढाउन सकिने उल्लेख छ । जैविक तथा पर्यावरणीय सन्तुलन कायम राख्दै स्रोत उपयोग गर्ने नीति अवलम्बन गर्नुपर्नेमा जोड दिइएको छ।

अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षदेखि औसत सात प्रतिशत आर्थिक वृद्धि हासिल गर्न सकिने स्थितिपत्रमा सार्वजनिक गरिएको छ। पाँचदेखि सात वर्षभित्र प्रतिव्यक्ति आय तीन हजार अमेरिकी डलर नाघ्ने र अर्थतन्त्रको आकार एक सय अर्ब अमेरिकी डलर नजिक पुऱ्याउने राखिएको छ।

यसका लागि पाँच वर्षभित्र १५ हजार मेगावाट विद्युत् उत्पादन क्षमता पुऱ्याउने, राष्ट्रिय गौरवका आयोजना दुई वर्षभित्र सम्पन्न गर्ने, कृषि-उद्योग-पर्यटनबीच अन्तरसम्बन्ध बलियो बनाउने, गुणस्तरीय पर्यटन पूर्वाधार निर्माण गर्ने तथा डिजिटल अर्थतन्त्र विस्तार गर्ने आधारहरू प्रस्तुत गरिएको छ।

कतिपय आर्थिक नीतिले अपेक्षित नतिजा नदिनुको कारण कमजोर कार्यान्वयन क्षमता, सीमित वित्तीय स्रोत, प्राथमिकता निर्धारणमा कमजोरी तथा स्रोतको कुशल विनियोजन हुन नसक्नु रहेको पनि स्थितिपत्रमा उल्लेख छ। रासस

# आगामी दश वर्षमा चौबीस हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गरिने

काठमाण्डु । सरकारले आर्थिक वर्ष २०९२/९३ सम्ममा सरकारी, सार्वजनिक र निजी क्षेत्रको समेत लगानीमा कुल २४ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यसहितको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' सार्वजनिक गरेको छ।

सो रणनीतिमा यसअघि प्रस्ताव गरिएका, अध्ययन भएका, निर्माणमा रहेका र निर्माणमा जान तयार अवस्थामा रहेका आयोजना रहेका छन् । जलाशय र अर्धजलाशय प्रकृतिका आयोजनाका अलावा सौर्य ऊर्जा परियोजनालाई पनि रणनीतिमा समावेश गरिएको छ । रणनीतिमा बहुचर्चित बुढीगण्डकी जलाशययुक्त आयोजना २०८१ सालसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ। कुल एक हजार २०० मेगावाट क्षमताको सो आयोजना निर्माणको तयारीमा छ । लगानी ढाँचा तय भएको तर कार्यान्वयनमा भने गइनसकेको सो आयोजनालाई सरकारले प्राथमिकतामा राखेको छ।



रणनीतिमा समावेश गरिएको कार्ययोजनामा निकट भविष्यमा नै रघुगङ्गा जलविद्युत् आयोजना सम्पन्न हुने उल्लेख छ। कुल ४० मेगावाट क्षमताको सो आयोजना निर्माणको अन्तिम चरणमा छ । यसैगरी, १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना आव २०८५/८६ सम्म निर्माण सम्पन्न हुने जनाइएको छ।

रणनीतिमा प्रस्ताव गरिएअनुसार ४२ मेगावाट क्षमताको माथिल्लो मोदी ए, १८ दशमलव दुई मेगावाट क्षमताको माथिल्लो मोदी, ३७ मेगावाट क्षमताको माथिल्लो त्रिशूली ३ बी सम्पन्न हुने लक्ष्य राखिएको छ । निर्माणको तयारीमा रहेको दूधकोशी जलाशययुक्त आयोजना २०९१ सालसम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । सो आयोजनाको क्षमता ६७० मेगावाट रहेको छ।

एक हजार ६१ मेगावाट क्षमताको माथिल्लो अरुण, ४१७ मेगावाट क्षमताको नलगाड पनि सोही वर्ष सम्पन्न गर्ने कार्ययोजनामा समावेश छ। यस्तै, ४९० मेगावाट क्षमताको अरुण चौथो, ४३९ मेगावाट क्षमताको बेतन कर्णाली जलविद्युत् आयोजना विसं २०९० सम्म निर्माण सम्पन्न हुनेछ।

त्यसैगरी, २१० मेगावाटको चैनपुर सेती २०८७ सालसम्म सम्पन्न गर्ने सरकारको लक्ष्य छ। कुल ९९ मेगावाट क्षमताको तामाकोशी पाँचौं, २८१ मेगावाट क्षमताको नौमुरे, ८२८ मेगावाट क्षमताको उत्तरगङ्गा जलविद्युत् आयोजनालाई पनि विशेष प्राथमिकतामा राखिएको छ। उत्तरगङ्गा जलविद्युत् आयोजना २०९२ सालसम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

नेपाल विद्युत् प्राधिकरणले प्रवर्द्धन गर्ने एक हजार मेगावाट क्षमताको सौर्य परियोजना भने २०८५ सालसम्ममा सम्पन्न हुनेछन् । निजी क्षेत्रका प्रवर्द्धकले लगानी एवं उत्पादन गर्ने सौर्य परियोजना प्रतिस्पर्धाका आधारमा छनोट गरी अगाडि बढाइएको छ । ऊर्जा मिश्रणको अवधारणा कार्यान्वयनका लागि सौर्यका आयोजना प्रस्ताव गरिएको छ।

त्यसैगरी, सरकारी कम्पनी र प्राधिकरण तथा अन्य सहायक कम्पनीले प्रवर्द्धन गर्ने तीन हजार ५०० मेगावाट क्षमताका आयोजनाहरू पनि २०९२ सालसम्ममा सम्पन्न हुनेछन् ।रासस

# ६५ मेगावाट क्षमताकोम्याग्दीखोला जलविद्युत् आयोजना निर्माण शुरु


म्याग्दी । धवलागिरि गाउँपालिका-४ बगरमा ६५ मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत् आयोजना निर्माण शुरु भएको छ।

हाइड्रो भिलेज प्रालि प्रवर्द्धक रहेको आयोजनाले पहुँचमार्ग (सडक), विद्युत्गृह, सुरुङ र प्रसारण लाइन निर्माणलाई समानान्तर रूपमा अघि बढाएको हो ।

बगर गाउँदेखि बाँध निर्माणस्थल दोभानसम्म डाइभर्सनबाट सडक र बगरमा कार्यालय स्थापना गरेको आयोजनाका प्रमुख उत्तम पौडेलले विद्युत्गृहबाट निस्कने पानी फाल्न एक हजार १३० मिटर लामो 'टेलरेस' सुरुङ निर्माण थालिएको जानकारी दिनुभयो ।

"बगर-तातोपानी खण्डको भिरमा सडक निर्माण नसकिदाँसम्म म्याग्दी नदीको किनारै किनार डाइभर्सन बनाएर बाँध निर्माण स्थल दोभानसम्म करिब १० किलोमिटर पहुँचमार्ग पुऱ्याएका छौं," उहाँले भन्नुभयो, "टेलरेस टनेल खन्न थालेको सिभिल ठेकेदार भूगोल इन्फ्रास्ट्रक्चरले विद्युत्गृह, बाँध र मुख्य सुरुङ खन्ने तयारी गरेको छ।"

म्याग्दी र कुनाबाङ खोलाको दोभानमा निर्माण हुने बाँधबाट ७५ मिटर लामो र ११ दशमलव नौ मिटर अग्लो बालुवा थिग्राउने पोखरी 'डिसेन्डर' मा सङ्कलन गरी ७१० मिटर लामो 'पाइपलाइन'बाट ल्याइने पानीलाई तीन हजार छ सय मिटर लामो सुरुङमा हालिनेछ् । पुनः ७५० मिटर पाइपलाइनबाट ल्याइने पानीलाई ६०७ मिटर उचाइबाट पहाडभित्र रहने भूमिगत विद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गरिने पौडेलले जानकारी दिनुभयो ।



'रन अफ रिभर' प्रकृतिको आयोजनामा २०९ मिटर ठाडो सुरुङ, २३० मिटर 'प्रेसर टनेल', ५८७ मिटर 'इनकलाइन्ट टनेल' र ७५७ मिटर 'पेनस्टक पाइप'का संरचना रहनेछन् । विद्युत्गृहमा तीन वटा युनिट 'टर्वाइन' रहनेछन् । रासस

# तरकारीले पाएन मूल्य

चितवन । जिल्लामा व्यावसायिक रूपमा उत्पादित तरकारीले उचित मूल्य नपाउँदा किसान मर्कामा परेका छन् । यहाँ उत्पादन भएका तरकारीले लागत मूल्य पाउन नसकेपछि यहाँका किसान चिन्तित बनेका हुन् ।

विगत २० वर्षदेखि व्यावसायिक तरकारीखेती गर्दै आउनुभएकी भरतपुर महानगरपालिका-२५ बुद्धिचोककी लक्ष्मी रानाभाट अहिले बोडी, काँक्रो, करेलालगायत तरकारीले उचित मूल्य पाउन नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "अधिकांश तरकारी प्रतिकिलो रु पाँचमा बेच्न बाध्य छौं ।"

बाह्र बिगाह क्षेत्रफलमा तरकारी खेती गर्दै आउनुभएकी उहाँ तरकारीले उचित मूल्य नपाउँदा आफूलगायत किसान मारमा परेको बताउनुभयो । उहाँका अनुसार अहिले किसानले तरकारी बारीमै छाड्न बाध्य भएका छन् । मजदुरलाई दिने पैसा उठ्न नसकेको उहाँको भनाइ छ । यस्तै गुनासो किसान सुमिना थापाको पनि छ । उहाँले दुई बिगाह क्षेत्रफलमा तरकारीखेती गर्दै आउनुभएको छ । उहाँको बारीमा अहिले तने बोडी, काँक्राजस्ता तरकारी लगाउँदै आउनुभएको छ । उहाँले अहिले १० कट्ठा जग्गामा लगाएको बोडी टिपेर मूल्य नपाएपछि त्यतिकै राख्नुभएको छ । उहाँले भन्नुभयो, "तरकारीले मूल्य पाउन सकेन बिचौलिया मोटाएको देखियो ।रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा गा.वि.स. सुगामधुकरही बडा नं. ९ हाल हंसपुर न.पा. वडा नं.४ मा बस्ने नीरस पंडित कुम्हारको बुहारी चंचल पंडित कुम्हारको पत्नी जसो देवी कुम्हैनले आगे मेरो ससुरा नीरस पण्डित कुम्हारको नाउँमा साविकमा मौजे सुगामधुकरहीको सा. कि.नं.१८२९ क्षेत्रफल S ॥ ४ जग्गा सर्वे नापी हुँदा जि.ध. गा.वि.स. सुगामधुकरही वडा नं.९ख कि.नं.२३७ क्षेत्रफल ०-०-१४-० जग्गा मेरो पति चंचल पण्डित कुम्हारको नाउँमा नापनक्सा भई दर्ता गर्न छुट हुन गई जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउन नसकेकोमा चंचल पण्डित कुम्हारको मिति २०७२/०१/२७ मा आफ्नै कालगतीले परलोक भई निजको हकभोग अपुताली खाने एकमात्र पत्नी म निवेदिका जसो देवी कुम्हैन मात्र भएकोले उक्त जग्गा मेरो नाउँमा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं.५६१३ मिति २०८२/०७/१६ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारबाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८३/०१/१० को आदेशानुसार यो ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए बा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला। सूचना गर्नु होला। अन्यथा कानून वमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | बडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | सुगामधुकरही | ९ख | १४७ | ०-०-१४ | कैफियत महलमा यो जग्गा पं. सुगामधुकरही बार्ड नं. ९ बस्ने चन्चल कुम्हारको नम्बरी हो । द... |

## मालपोत कार्यालय ढल्केवर, धनुषा
## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

देवदत्त घिमिरेको नाति पाण्डबराज घिमिरेको छोरा जिल्ला धनुषा बटेश्वर गा.पा. वडा नं.-४ हाल जनकपुर उप-महानगरपालिका वडा नं. ९ बस्ने कुलराज घिमिरे समेतले बाबु पाण्डवराज घिमिरे मिति २०५७।१०।२३ मा आमा खिलेश्वरी घिमिरे २०६४।०९।०१ मा आ-आफ्नै कालगतिबाट मृत्यु भएको निज मृतक बाबु पाँण्डबराज घिमिरेको नाममा सर्वे नाप नक्सा भइ फिल्डबुक कायम भएको जि.धनुषा बटेश्वर गा.वि.स. वडा नं.३ कि.नं.६४ क्षेत्रफल ०-१३-१२-० को जग्गा दर्ता छुट भएको, बाबुको मृत्यु पश्चात उक्त जग्गाको हकखाने हकदारमा हामी २ (दुई) भाई छोरा कुलराज घिमिरे र कुमार घिमिरे मात्र भएकाले उल्लेखित जग्गा हामीहरुको संयुक्त नाममा दर्ता/नामसारी गरी पाँउ भन्ने समेत व्यहोरा खुलाई द.नं. ९७८ मिति २०८२।०७।१३ को निबेदनबाट माग दावी गरेकाले माग दाबी अनुसार उल्लेखित जग्गा निजहरुको नाममा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए, निवेदक बाहेक यो जग्गामा हकलाग्ने अरु हकदारहरु भए, सरकारी, सार्वजनिक, ऐलानी, पर्ती, गुठी तथा व्यक्ति विशेषको सम्पत्तिको कुनै हानी नोक्सानी हुने भए वा निवेदकको नाममा दर्ता नामसारी गरी जग्गाधनी प्रमाणपुर्जा दिदा अरु कोही कसैको हकभोग स्वामित्वमा असर पर्ने भए आफुसँग भएको सबुद दाबी लिई यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र स-प्रमाण दाबी उजुरी गर्न आउनु होला। अन्यथा प्रचलित कानुन बमोजिम भइजाने व्यहोरा सम्बन्धित सबैका जानकारीका लगि सूचित गरिन्छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | बटेश्वर | ३ | ६४ | ०-१३-१२-० |

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०१/१५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८३/०१/२१ गते/स्थान : शाखा कार्यालय जनकपुर, धनुषा | २०८३/०१/२३ गते, बुधबार दिनको ३ बजे |

| क्र.सं. | शाखा कार्यालय : जनकपुर, धनुषा | |
|---|---|---|
| | ऋणीको नाम, ठेगाना | |
| १. | **नाम : गुरु ड्रिकिङ्ग वाटर**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योगको कार्यालय, धनुषा, जनकपुरधाम<br>प्रा.फ.द.प्र.प.नं. ८३१८/४२/०७२/०७३, दर्ता मिति : २०७२/०४/३१, पान नं. ६०८१४५२४०, दर्ता मिति : २०७५/०४/२०<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १४, **प्रोप्राईटर : बिक्रम मण्डल** | |
| | जमानतकर्ताको विवरण | |
| | **१. नाम : बिक्रम मण्डल**<br>ना.प्र.नं. ३९६९२५५५, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५०/०९/२६<br>बाबुको नाम : रामदेव मण्डल<br>बाजेको नाम : कारी मण्डल<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६ | **२. नाम : अनरीया देवी मण्डल**<br>ना.प्र.नं. १७/४४४९००१४, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४३/०९/०१<br>पतिको नाम : रामदेव मण्डल<br>ससुराको नाम : कारी मण्डल<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६ |
| | **३. नाम : लक्ष्मी देवी**<br>ना.प्र.नं. ३९६९६७०८, जि.प्र.का. धनुषा, जारी मिति : २०६१/०१/१८<br>पतिको नाम : विक्रम मण्डल, ससुराको नाम : रामदेव मण्डल<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १६ | |
| | धितोको विवरण | |
| | १. अनरीया देवी मण्डलको नाममा मालपोत कार्यालय जनकपुधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर वडा नं. १६ स्थित कि.नं. १२२, ५३, ५०, ३२ र ३६ को क्षेत्रफल क्रमशः १०२.६०, ५४९.८२, ६९१.९८, ५५१.१५ र १८१.५१ व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. बिक्रम मण्डलको नाममा मालपोत कार्यालय जनकपुधाम, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर वडा नं. १६ स्थित कि.न. २ को क्षेत्रफल ६८६.३० व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# कांग्रेस सभापति थापालाई पत्र




**टुडे समाचारदाता**

जनकपुरधाम । चुरे तथा वनजंगल संरक्षण अभियानीले मधेश प्रदेश अन्तर्गत वन क्षेत्रमा देखिएको कथित अनियमितता र दोहनप्रति प्रदेश सरकार मौन बसेको आरोप लगाउँदै नेपाली कांग्रेसका सभापति गगन कुमार थापा लाई खुला पत्रमार्फत हस्तक्षेपको माग गरेको छ।

अभियानका अध्यक्ष सूनिल कुमार यादवले सार्वजनिक गरेको उक्त पत्रमा विशेष गरी रौतहट डिभिजन वन कार्यालयमा भइरहेको गतिविधिप्रति गम्भीर प्रश्न उठाइएको छ। पत्रमा मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादव र वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरीले यस प्रकरणमा कुनै चासो नदेखाई मौनता अपनाएको आरोप लगाइएको छ।

दुवै मन्त्री नेपाली कांग्रेसबाट प्रतिनिधित्व गर्ने भएकाले पार्टी नेतृत्वकै स्तरबाट हस्तक्षेप आवश्यक रहेको उल्लेख गर्दै सभापति थापासँग पहलको विश्वास गरिएको छ।

पत्रअनुसार, डिभिजन वन कार्यालय रौतहटका प्रमुख (डिएफओ) माथि यसअघि महोत्तरीमा कार्यरत रहँदा नै वन स्रोतको दुरुपयोग र भ्रष्टाचारमा संलग्न भएको आरोप लागेको थियो। सो प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरेको र मुद्दा हाल सर्वोच्च अदालतमा विचाराधीन रहेको दाबी पत्रमा गरिएको छ।

अभियानले रौतहट सरुवा भएसँगै ती डिएफओबाट पुनः वन क्षेत्रको दोहन र अनियमितता बढेको आरोप लगाएको छ। खुला पत्रमा काठ आपूर्ति प्रक्रियामा मिलेमतो, कम मूल्यमा लिलामी, कमिशन लेनदेन, सामुदायिक वनको बजेट दुरुपयोग, अवैध रुख कटानी तथा प्रमाण नष्ट गर्न आगजनी गराइएको जस्ता गम्भीर आरोप लगाइएको छ।

त्यस्तै, नुनथर क्षेत्रलगायत स्थानमा नियमविपरीत संरचना निर्माणमा आर्थिक लेनदेन भएको, सामुदायिक वनमार्फत काठ तस्करी बढेको तथा सरुवा प्रक्रियामै अनियमितताको आरोपसमेत लगाएको छ।

अभियानले वन मन्त्रालय स्वयं पनि शंकाको घेरामा परेको भन्दै तत्काल स्थलगत अनुगमन, अडिट रिपोर्टको परीक्षण, बैंक कारोबारको छानबिन र संलग्न कर्मचारीमाथि कडा कारबाही गर्न माग गरेको छ। अध्यक्ष यादवले आरोपित डिएफओलाई तत्काल प्रदेशमा झिकाएर उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्ने अन्यथा पुनः अख्तियारमा उजुरी दिने चेतावनी दिएका छन्।

उनले यदि यथाशीघ्र छानबिन र कारबाही प्रक्रिया अघि नबढाइए भ्रष्टाचारविरुद्ध चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी दिएका छन्।

# प्रदेश र स्थानीय तहको खर्च कमजोर

समग्रमा प्रदेश र स्थानीय तहले समेत खर्च गर्न नसक्दा अर्थतन्त्रमा माग सिर्जना हुन नसकेको अर्थ मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा प्रदेश र स्थानीय तहको बजेट उपयोग क्षमता क्रमशः ७१.३ प्रतिशत र ७६.४ प्रतिशत छ ।

**टुडे समाचारदाता**

जनकपुरधाम। प्रदेश र स्थानीय तहको समेत खर्च क्षमता अहिले कमजोर रहेको अर्थ मन्त्रालयले अहिले जनाएको छ।

नेपालको वर्तमान आर्थिक स्थितिपत्र सार्वजनिक गर्दै मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा प्राविधिक तथा व्यवस्थापकीय क्षमता सीमित हुँदा विनियोजन स्रोतको पूर्ण उपयोग हुन नसकेको बताएको हो।

समग्रमा प्रदेश र स्थानीय तहले समेत खर्च गर्न नसक्दा अर्थतन्त्रमा माग सिर्जना हुन नसेकेको अर्थ मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा प्रदेश र स्थानीय तहको बजेट उपयोग क्षमता क्रमशः ७१.३ प्रतिशत र ७६.४ प्रतिशत छ।

वित्तीय संघीयता लागु भएपछि संघीय सरकारबाट प्रदेश र स्थानीय तहमा कुल बजेटको २२.६ प्रतिशत रकम वित्तीय हस्तान्तरणका लागि विनियोजन भएको समेत अर्थले जनाएको छ।

राजस्व बाँडफाँट मार्फत संघीय सरकारले संकलन गरेको करिब ११ प्रतिशत राजस्व समेत हस्तान्तरण हुँदै आएको छ। उता, कुल राजस्व संकलनमा प्रदेश र स्थानीय तहको योगदान भने १० प्रतिशतभन्दा पनि कम छ । तीन तहको सरकारको कुल खर्चमा प्रदेश र स्थानीय




तहको खर्च करिब एक तिहाइ छ।

यसैबीच नेपालमा गरिबी क्रमिक रूपमा घट्दै गए तापनि ग्रामीण र शहरी क्षेत्रबीचको आर्थिक खाडल अझै कायमै रहेको सरकारले जनाएको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको 'नेपालको वर्तमान आर्थिक स्थितिपत्र' मा गरिबी घट्दै गए पनि ग्रामीण र शहरी क्षेत्रबीचको आर्थिक खाडल कायमै रहेको औंल्याइएको हो।

महामारी तथा संकटले गरिबी निवारणको गतिलाई सुस्त बनाएको स्थितिपत्रमा उल्लेख गरिएको छ। पछिल्लो नेपाल जीवनस्तर सर्भेक्षण, २०७९/८० अनुसार नेपालमा गरिबीको रेखामुनि रहेको जनसंख्या २०.२७ प्रतिशत अर्थात करिब ६० लाख रहेको जनाइएको छ।

नेपाल जीवनस्तर सर्भेक्षण, २०६६/६७ अनुसार यस्तो जनसंख्या २५.१६ प्रतिशत रहेको थियो । पछिल्लो सर्भेक्षण अनुसार ग्रामीण गरिबी २४.६६ प्रतिशत र शहरी गरिबी १८.३४ प्रतिशत रहेको छ । लघु क्षेत्र गरिबी मापनले नेपालका कतिपय पालिकामा ७० प्रतिशत भन्दा बढी जनसंख्या निरपेक्ष गरिबीको रेखामुनि रहेको देखाएको छ।

विश्व बैंकको पछिल्लो तथ्यांक अनुसार नेपालको गिनी सूचक ०.३० रहेको छ, यसमध्ये शहरी क्षेत्रको गिनी सूचक ०.३०३ र ग्रामीण क्षेत्रको सूचक ०.२८७ रहेको उल्लेख छ। सर्वसाधारणको आयमा समानता तथा असमानतालाई ० देखि १ सम्मको अंकका आधारमा मापन गर्ने सूचक नै गिनी सूचक हो । जहाँ ० ले जनताको आयस्तर समानतालाई जनाउँछ भने १ ले आयको सबैभन्दा ठूलो असमानतालाई जनाउँछ।

गरिबीको न्यूनीकरणमा सुधार हुँदै गएको भए तापनि कोभिड-१९ महामारी लगायतका कारण गरिबी अपेक्षित स्तरमा घट्न नसकेको सरकारले जनाएको छ । गरिबी घटाउन पर्याप्त मात्रामा व्यावसायिक सिपमूलक तालिम, कृषिमा आधुनिकीकरण र स्थानीय स्तरमा रोजगारीका अवसरहरू सिर्जना गर्दै सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई प्रभावकारी बनाउनुपर्ने सरकारले जनाएको छ। उच्च गरिबी रहेका पालिका लक्षित गरिबी निवारण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको भनिएको छ।

नेपालमा बेरोजगारी, अर्धबेरोजगारी र अल्प-उपयोगी दर उच्च रहेको स्थितिपत्रमा जनाइएको छ । रोजगारीप्राप्त व्यक्तिमध्ये ६४.९ प्रतिशत दैनिक ज्यालादारीमा संलग्न छन्। नेपालको श्रम बजारमा युवा र महिला बेरोजगारीको अवस्था भयावह रहेको जनाउँदै रोजगारी पाएका अधिकांश व्यक्ति पनि न्यून ज्याला र असुरक्षित कार्यक्षेत्रमा निर्भर रहेको स्थितिपत्रले स्पष्ट पारेको छ।

# मुआब्जाको माग

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका क्षेत्रअन्तर्गत पुरानो बजार क्षेत्रमा प्रस्तावित सडक विस्तार योजनामा स्थानीयले मुआब्जा माग गरेका छन्।

स्थानीयवासीले आफ्नो स्वामित्वमा रहेको जग्गा र संरचनालाई 'अतिक्रमण' भनेर व्याख्या गरिएको भन्दै आपत्ति जनाउँदै मुआब्जा र क्षतिपूर्ति



बिना कुनै पनि संरचना नहटाउन माग गरेका छन्।

उनीहरूले पुरानो बजार क्षेत्र ऐतिहासिक, सामाजिक र आर्थिक दृष्टिले महत्वपूर्ण भएकाले सयौँ वर्ष पुराना बस्ती, व्यापारिक प्रतिष्ठान, मठ-मन्दिर तथा विद्यालयहरू प्रभावित हुने खतरा छ। करिब १ हजार ५०० घरधुरी र १ लाखभन्दा बढी जनसंख्या प्रत्यक्ष प्रभावित हुने अनुमान गरिएको छ।

सरकार पक्षले भने बढ्दो ट्राफिक चाप व्यवस्थापन, सडक सुरक्षामा सुधार र अन्तर्राष्ट्रिय नाका आईसीपीसम्म सहज पहुँचका लागि सडक विस्तार अपरिहार्य रहेको दाबी गर्दै आएको छ।

यता स्थानीयले भने वैकल्पिक मार्ग विकास, उचित क्षतिपूर्ति र पुनर्स्थापना सुनिश्चित नगरी अघि बढाइएको योजना एकतर्फी भएको आरोप लगाएका छन्। उनीहरूले निर्णय पुनर्विचार गर्न र सरोकारवालासँग समन्वय गर्न सरकारसँग माग गरेका छन्।

सरोकार समितिले पटक-पटक ज्ञापनपत्र बुझाउँदै समाधानका लागि पहल गर्न आग्रह गरेको छ भने समस्या समाधान नभए कानुनी बाटो अपनाउने चेतावनी पनि दिएको छ।

वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमको अध्यक्षतामा सरोकारवालाबीच आयोजित छलफल कार्यक्रममा पूर्वनगरप्रमुख विजय कुमार सरावगी, पूर्व अध्यक्ष ओम प्रकाश सर्राफ, गोपाल केडिया, अधिवक्ता देवेन्द्रलाल नेपाली, नेता अजय द्विवेदी, सुरेन्द्र चौधरीलगायतले आ-आफ्ना धारणा राखेका थिए।

यसैबीच,वीरगञ्जको मुख्य सडकका रूपमा रहेको त्रिभुवन राजपथको मापदण्ड अनुसार सडकको केन्द्रविन्दु निर्धारण गर्ने कार्य मंगलबारदेखि औपचारिक रूपमा सुरु हुने भएको छ । कार्यक्रमको सहजीकरण मनोज उपाध्यायले गरेका थिए।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको निर्देशनअनुसार वीरगञ्ज-पथलैया सडकखण्डको बजार क्षेत्रमा सडक विस्तार गरी इन्टरसेक्सन सुधार तथा इन्टिग्रेटेड चेकपोस्ट (क्ष्ऋए) सम्मको सवारी आवागमन सहज बनाउने योजना अघि बढाइएकोमा सो योजना अन्तर्गत सडकको दायाँ-बायाँ रहेका संरचना हटाउने तयारीप्रति स्थानीय आपति जनाउँदै आएको छ।

# गाउँपालिकामा तालाबन्दी



**टुडे समाचारदाता**

वीरगञ्ज। पर्साको छिपहरमाई गाउँपालिकाका कर्मचारीहरुले ७ महिनादेखि तलब नभएको भन्दै गाउँपालिका कार्यालयमै तालाबन्दी गरेका छन्।

गाउँपालिका तथा वडा कार्यालयहरूमा कार्यरत करिब ५० जना कर्मचारी ७ महिनादेखि तलब नपाउंदा आन्दोलित भएका हुन् । आन्दोलनरत कर्मचारीहरू बिहान ९ बजेदेखि भिस्वास्थित गाउँपालिका कार्यालय अगाडि धर्नामा बसेका छन्।

उनीहरूले कार्यालयका सबै सेवा ठप्प पारेका छन्, जसका कारण प्रशासनिक कामकाज पूर्ण रूपमा प्रभावित भएको छ। लामो समयदेखि तलब नपाउँदा दैनिक जीवन चलाउन समेत कठिन भएको उनीहरूको भनाइ छ।

वडा नं. ५ का कम्प्युटर अपरेटर लालबाबु महमदले कात्तिक महिनादेखि आफूहरू तलबविहीन रहेको बताएका छन् । उनका अनुसार पटक-पटक सम्बन्धित अधिकारीहरूसँग सम्पर्क गर्दा पनि कुनै सुनुवाइ नभएको गुनासो छ । उनले माघ महिनादेखि करार अवधि थप नभएको र कात्तिकयता तलब पनि नपाएको बताए।

कर्मचारीहरूले प्रमुख प्रशासकीय अधिकृत र लेखापालसँग पटक पटक छलफल प्रयास गरेपनि समस्या समाधान हुन नसकेको आरोप लगाएका छन् । उनीहरूले पटक-पटक जानकारी गराउँदा पनि कुनै पहल नभएपछि बाध्य भएर आन्दोलनमा उत्रिनु परेको बताएका छन् । धर्नाका कारण गाउँपालिका कार्यालयसहित पाँचवटै वडा कार्यालयको सेवा प्रवाह ठप्प भएको छ।

यस विषयमा प्रतिक्रिया लिन खोज्दा प्रमुख प्रशासकीय अधिकृत कादिर बाबु देवानसँग सम्पर्क हुन सकेन । यता, उनको स्थानमा संजीव कुमार साह सरुवा भए पनि उनी हालसम्म कार्यालयमा हाजिर नभएको बताइएको छ।

# चुरेको बाढीले बाटो अवरुद्ध

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको चुरेभेगमा निरन्तर आइरहेको बाढीले खोलाको बाटो बगाउँदा स्थानीयवासी सास्ती भोग्न बाध्य भएका छन्।

शनिबार साँझदेखि बेलाबेलामा भएको वर्षाका कारण लालबन्दी र ईश्वरपुर नगरपालिकाको चुरेभेगका गाउँसम्म पुग्ने खोलाको बाटो बगाएसँगै यातायात आवागमन अवरुद्ध भएको छ । चुरे क्षेत्रमा सोमबार बिहान पनि थप वर्षा भई खोलामा बाढी बढेकाले सवारी साधन सञ्चालन हुन नसकेको लालबन्दी-नारायणखोला-मरिण रुटका बस व्यवसायी तथा चालक कुमार मोक्तानले बताएका छन्।

सडक नपुगेका लालबन्दी नगरपालिका-१४ नारायणखोला, वडा नं. १५ शीर कालिन्जोर, भित्रीखोला तथा ईश्वरपुर नगरपालिका-१२ शीर फूलजोर, पिपलदमार र लामिदमार क्षेत्रमा लखन्देही, डाइनी, कालिन्जोर, फूलजोर र बाँके खोलाका बगरबाट यातायात सञ्चालन हुने गरेका छन्।

एक महिनाको अवधिमा दोस्रो पटक ठुलो वर्षा भई खोलाको बाटो



बगाएपछि यातायात सञ्चालनमा कठिनाइ भएको बस व्यवसायी तथा लालबन्दी नगरपालिका-१४ नारायणखोलाका वडाध्यक्ष छेनामसिंह घिसिङले जानकारी दिइका छन।

उनका अनुसार आइतबार बिहानको वर्षापछि खोलाको बाटो बिग्रँदा नारायणखोला हुँदै सिन्धुलीको मरिणसम्म जाने बस सञ्चालन हुन सकेनन्। आइतबार दिउँसो लालबन्दी बजारबाट मरिणछापतर्फ गएको एउटा बस नारायणखोलास्थित नारायण दोभानमा फसेर रोकिएको समेत उनले बताए।

बाढीले खोलाको बाटो बगाएपछि मोटरसाइकल, जीप, बसलगायत कुनै पनि सवारी साधन सञ्चालन हुन नसक्दा चुरेभेगका बासिन्दा लालबन्दी बजारसम्म आउन तीन घण्टाभन्दा बढी पैदल हिँड्न बाध्य भएका छन् । गाडी नचलेकाले सोमबार लाग्ने हाटबजारमा जाने स्थानीयसमेत पैदलै पानी पार गरेर गएका थिए।

पानी रोकिएपछि मौसम सफा भएपछि खोलाको बाटो मर्मत गरी बस सञ्चालन गरिने बस व्यवसायीहरूले बताएका छन्। बर्खायाम सुरु भएसँगै खोलामा बाढी आउँदा यातायात अवरुद्ध हुँदा चुरेभेगमा आकस्मिक बिरामी तथा गर्भवतीलाई अस्पताल पुर्‍याउन कठिन हुने गरेको स्थानीयले गुनासो गर्दै आएका छ्न।

सिन्धुलीसँग सीमा जोडिएको लालबन्दी र ईश्वरपुर नगरपालिकाको चुरेभेगका बासिन्दा दैनिक उपभोग्य वस्तु किनमेल तथा औषधोपचारका लागि पूर्व-पश्चिम राजमार्गस्थित लालबन्दी बजार जाने गरेका छन्।

# उपसभामुख ठाकुरको वडामा दहेजमुक्त अभियान

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधि सभाका उपसभामुख रुबी ठाकुरको गृह वडा जनकपुरधाम उपमहानगरपालिका-१४मुजेलियामा 'बेटी बचाओ, बेटी पढाओ, बेटा बेटी एक समान' भन्ने सन्देशसहित सचेतनामूलक अभियान सञ्चालन गरिएको छ।

मुजेलिया समाजको अगुवाइमा आयोजित अभियानमा स्थानीय दाजुभाइ तथा दिदीबहिनीहरूको उल्लेख्य सहभागिता रहेको थियो।




अभियान अन्तर्गत सहभागीहरूले बस्तीका विभिन्न टोलमा घरदैलो कार्यक्रम सञ्चालन गर्दै बालबालिका र अभिभावकलाई छोरीहरूको संरक्षण, शिक्षा तथा समान अधिकारको महत्त्वबारे जानकारी गराएका थिए।

कार्यक्रममा सहभागीहरूले छोरी र छोरा समान हुन् भन्ने सन्देश समाजभर फैलाउनुपर्नेमा जोड दिएका थिए । उनीहरूले विद्यमान लैङ्गिक विभेद अन्त्यका लागि सामूहिक प्रयास आवश्यक रहेको बताए।

स्थानीय बासिन्दाहरूले यस्ता अभियानले समाजमा सकारात्मक सोचको विकास गर्ने विश्वास व्यक्त गरेका छन् । आयोजकले उपसभामुख ठाकुरले घोषणा गरेको दहेजमुक्त समाज अभियान अन्तर्गत यो संचालन गरिएको हो र आगामी दिनमा पनि यस्ता सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइने बताएका छ्न।

# माला बनाउने तालिम सुरु



**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको मटिहानी नगरपालिकाले महिला तथा किशोरीलाई आत्मनिर्भर बनाउने उद्देश्यले पोते तथा क्रिस्टल माला बनाउने तालिम सुरु गरिएको छ। सीपमूलक सो एक महिने तालिमको मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले गरेका छन्।

महिला तथा किशोरीको सीप विकासमार्फत स्वरोजगार प्रवर्द्धन गर्ने लक्ष्यसहित सञ्चालन गरिएको उक्त तालिममा ३० जना महिला तथा किशोरी सहभागिता रहेको जनाइएको छ।

मटिहानी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन कुमार मण्डलको सभापतित्वमा सम्पन्न उद्घाटन सत्रको कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख दिपा दास र प्रशिक्षक सुधिरा मण्डलले तालिमको उद्देश्य तथा महत्वबारे प्रकाश पारेका थिए । उनीहरूले यो सीपमूलक तालिमले महिला तथा किशोरीलाई सीपमूलक ज्ञान प्रदान गरी आर्थिक रूपमा आत्मनिर्भर बन्न सहयोग पुग्ने विश्वास व्यक्त गरे।

नगर प्रमुख मण्डलले महिलाको आर्थिक सशक्तीकरण नगर विकासको आधार भएको उल्लेख गर्दै सीपमूलक तालिमले स्थानीय महिलालाई घरमै बसेर आयआर्जन गर्न सक्ने अवसर प्रदान गर्ने बताए। उनले यो मटिहानी नगरपालिकाले महिलालाई आत्मनिर्भर र उद्यमशील बनाउन यस्ता कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिबद्धता जनाए।

सामाजिक सञ्जाल प्रयोगमा सर्तकता अपनाऔं ।

सामाजिक सञ्जालमाः

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरुको प्रकाशन, प्रसारण र प्रर्दशन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयवस्तु पोष्ट, शेयर, टयाग, ह्यासटयाग गर्नु हुँदैन ।
यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८